# नेपालमा समृद्धिको बहस र दलित

# नीति–पत्र

## १. पृष्ठभूमि

नेपालको वर्तमान राजनीतिक, आर्थिक र सांस्कृतिक व्यवस्थाको मुख्य स्रोत जातव्यवस्था हो । हिन्दू वर्णव्यवस्थामा आधारित अर्थ–राजनीतिक व्यवस्थाका कारण नेपालमा निश्चित जाति र समुदाय सदाबाहार राजनीतिक सत्ताको नेतृत्वमा रहिरहने र बहुसंख्यक समुदाय शासित हुनुपर्ने अवस्थाबाट गुज्रियो । निरङ्कुश, एकात्मक र विभेदकारी राजनीतिक व्यवस्थाको अन्त्य गर्दै लोकतान्त्रिक राज्यव्यवस्था निर्माणका लागि निरन्तर संघर्ष भए । लोकतान्त्रिक राज्यव्यवस्थाको स्थापनासँगै दलित तथा सीमान्तीकृत समुदायले सहजरूपमा आफ्नो अधिकारको उपभोग गर्न पाउने अपेक्षा गरेका थिए, त्यसैले नेपालको जहानीय राणा शासन, निरङ्कुश पञ्चायती व्यवस्थाविरोधी आन्दोलन, माओवादी जनयुद्धका साथै अन्य राजनीतिक रूपान्तरणको आन्दोलनमा दलित र सीमान्तीकृत समुदायको निकै ठूलो भूमिका र बलिदानी रहेको छ । सिङ्गो राज्यको पुनर्संरचना गरी वर्गीय, जातीय, लैङ्गिक, भाषिक, सांस्कृतिक आदि क्षेत्रमा भएका सबै किसिमका विभेदको अन्त्य गर्ने मुद्दालाई केन्द्रमा राखेर तत्कालीन नेकपा (माओवादी)ले जनयुद्ध सुरु गरेको थियो ।[१] साथै १० वर्ष लामो जनयुद्धपछि शान्ति प्रक्रियामा प्रवेश गर्ने बेला तत्कालीन नेकपा (माओवादी) र सात राजनीतिक दलबीच भएको १२ बुँदे सहमतीको मूल आशय पनि राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै देशमा लोकतन्त्र, शान्ति, समृद्धि प्राप्ति गर्नु नै थियो ।[२] माओवादी सशस्त्र जनयुद्ध, वि.सं. २०६२–६३ को जनआन्दोलन, आदिवासी जनजाति, दलित, महिला, मधेसी आदि बहिस्करणमा पारिएका समुदायको आन्दोलनको जगमा नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्त भएको हो ।

वि.सं. २०६३ मंसिर ५ गते तत्कालीन नेकपा (माओवादी) र सरकारबीच भएको बृहत शान्ति सम्झौताको एउटा महतवपूर्ण उद्देश्य देशमा विद्यमान

[१] नेकपा (माओवादी)ले जनयुद्ध सुरू गर्नुअघि तत्कालीन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष वि. सं. २०५२ माघ २१ गते डा. बाबुराम भट्टराईले बुझाएको मागपत्र ।

[२] नेकपा (माओवादी) र सात राजनीतिक दलबीच वि.सं. २०६२ मंसिर ७ गते भएको १२ बुँदे सम्झौता ।

DIGNITY INITIATIVE

अनामनगर, काठमाडौं, फोनः ०१–४२५५०९९

ई–मेलः info@dignityinitiatives.org

www.dignityinitiatives.org

वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने र लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी आर्थिक–सामाजिक परिवर्तन गर्ने भन्ने नै थियो । यसका साथै समग्रमा नेपालको राजनीतिक रूपान्तरणका लागि भएका आन्दोलनले उत्पीडनमा पारिएका जाति, लिङ्ग, क्षेत्र, समुदाय र वर्गको समस्यालाई अनिवार्यरूपमा सम्बोधन गर्नुपर्ने कुरालाई जोड दिइएको छ ।[३] संघीयताको स्थापना र सामाजिक न्यायसहितको सामाजिक–आर्थिक विकाससँग गाँसिएको कुरा बृहत शान्ति सम्झौताको महत्वपूर्ण पक्ष हो । वि.सं. २०६२/६३ मा भएको जनआन्दोलनको अभिष्ट शान्ति र लोकतन्त्र प्राप्ति थियो । नेपालको विभेद र विविधतालाई सम्बोधन नगरी शान्ति र लोकतन्त्र प्राप्ति सम्भव छैन भन्ने कुरालाई जनआन्दोलनले प्रष्टरूपमा उठाएको थियो । आन्दोलनकै परिणामस्वरुप गठन भएको पहिलो संविधानसभाले तयार पारेको नयाँ संविधानको मस्यौदामा मूलतः ऐतिहासिकरूपमा बहिस्करणमा परिएका समुदायका लागि केही सकारात्मक प्रावधान समावेश थिए । पहिलो संविधानसभाले तयार पारेको संविधानको मस्यौदामा ऐतिहासिक विभेदको क्षतिपूर्तिस्वरूप दलितको संघमा ५ प्रतिशत र प्रदेशमा ३ प्रतिशत जनसंख्याको अनुपातमा थप प्रतिनिधित्व हुने व्यवस्था थियो, जुन सकारात्मक थियो ।[४] तर, नयाँ संविधान जारी नभइ पहिलो संविधानसभा विघटन भएपछि मस्यौदामा उल्लेखित ती व्यवस्था नयाँ संविधानमा समावेश हुन सकेनन् ।

दोस्रो संविधानसभाबाट वि.सं. २०७२ साल असोज ३ गते नयाँ संविधान जारी भयो । संविधानको प्रस्तावनामा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ । नयाँ संविधानको घोषणा लगत्तै राजनीतिक दलहरूले राजनीतिक क्रान्ति सम्पन्न भएको भन्दै विकास र समृद्धिलाई राष्ट्रिय राजनीतिक मुद्दा बनाएका छन् । यतिमात्रै होइन, विकास र समृद्धिको मूल लक्ष्य हासिल गर्ने भन्दै राजनीतिक दलहरू समेत गठन र पुनर्गठन समेत भएका छन् ।

संविधान जारी भएपछि वि.सं. २०७४ मा संघीय संसद, प्रदेशसभा र स्थानीय तहको निर्वाचन सम्पन्न भयो ।[५] तीनै तहको निर्वाचनमा सबैजसो राजनीतिक दलले विकास र समृद्धिलाई चुनावी नारा बनाए । ठूला राजनीतिक दलहरू तत्कालीन नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) सम्मिलित वाम गठनबन्धनका साथै नेपाली कांग्रेस र मधेस केन्द्रीत राजनीतिक दलहरूः संघीय समाजवादी फोरम, राष्ट्रिय जनता पार्टी, नयाँ शक्ति, विवेकशील साझा पार्टीलगायतले विकास र समृद्धिलाई नै निर्वाचनको मुख्य एजेण्डा बनाएका थिए ।

विकास र समृद्धिलाई मुख्य राजनीतिक एजेण्डा बनाएको वामगठबन्धनले निर्वाचनपछि राज्यको बागडोर सम्हालेको छ । संघीय प्रतिनिधिसभाको निर्वाचनमा नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को वामगठबन्धनले पहिलो हुने निर्वाचित हुने र समानुपातिक प्रणालीबाट गरी १७४[६] सीट प्राप्त गरे, जुन जम्मा सीटसंख्या २७५ को ६३ प्रतिशत हो । तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) वि.सं.२०७५ जेठ ३ गते एकीकरण भएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन गरेका छन् । सो पार्टीले झण्डै दुईतिहाइ पुगेको वामगठबन्धनले तत्कालीन संघीय समाजवादी फोरमको साथ लिएर सरकार गठन गरेको छ । वि.सं. २०७४ फागुन ३ गते दुई तिहाईको बहुमतसहित वामगठबन्धनका तर्फबाट तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केपी शर्मा ओली प्रधानमन्त्री निर्वाचित भइसकेपछि गठन भएको सरकारले संविधानको कार्यान्वयन,

[३] नेकपा (माओवादी) र सरकारबीच वि.सं. २०६३ मंसिर ५ गते भएको बृहत शान्ति सम्झौता ।

[४] पहिलो संविधानसभाले तयार पारेको संविधानसभाको मस्यौदा प्रतिवेदन २०६८ मा यो करा उल्लेख गरिएको छ ।

[५] स्थानीय तहको निर्वाचन २०७४ बैशाख ३१, असार १४ र असोज २ गते गरी तीनचाणमा सम्पन्न भएको थियो भने प्रदेश र संघीय संसदको निर्वाचन वि.सं.२०७४ मंसिर १० र २१ गते सम्पन्नभएको थियो ।

[६] पहिलो हुने निर्वाचित हुने र समानुपातिक गरी तत्कालीन नेकपा (एमाले)ले १२३ र नेकपा (माओवादी केन्द्र)ले ५३ सिट प्राप्त गरेका थिए । वि.सं. २०७५ जेठ ३ गते दुवै पार्टी एकीकरण भएर गठन भएको नेपाल कम्युनिष्ट पार्टीको संघीय प्रतिनिधिसभामा १७६ सीटसंख्या छ ।

स्थायित्व, समृद्धि र सुशासनलाई प्राथमिक एजेण्डा बनाएको छ । यति मात्रै होइन, समृद्धिको नारासहित निर्वाचनमा सहभागी वामगठबन्धनले सातओटा प्रदेशको जम्मा ५५० सिटमध्ये ३५१[७] सीट प्राप्त गरेको छ जुन जम्मा सदस्य संख्याको ६४ प्रतिशत हो । यसरी संघीय र प्रदेशसभामा करीब दुईतिहाई बहुमत पाएको वामगठबन्धनले गरेको छओटा प्रदेशमा आफ्नै नेतृत्वमा सरकार गठन गरेको छ भने बाँकी एउटा प्रदेश (प्रदेश नं. २)मा पनि सत्तारुढ तत्कालीन संघीय समाजवादी फोरमको नेतृत्वमा सरकार गठन भएको छ । यसैगरी ७५३ स्थानीय सरकारको मुख्य नेतृत्वमध्ये ४००[८] (५३.१२ प्रतिशत) तत्कालीन एमाले र माओवादीले प्राप्त गरेका छन् । यसले नेकपाको संघ, प्रदेश र स्थानीय सरकारमा पनि प्रभावकारी उपस्थिति देखाउँछ अर्थात सो पार्टी विकास र समृद्धिको नारालाई कार्यान्वयन गर्ने वा संघ र प्रदेश सरकारलाई निर्देशन दिनसक्ने अवस्थामा छ ।

संघीयताको कार्यान्वयन गर्ने मुख्य लक्ष्य लिएर गठन भएको सरकारले 'समृद्ध नेपाल सुखी नेपाली' भन्ने नारा अगाडि सारेको छ । आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रममा सरकारले यो वर्षलाई समृद्धिको इतिहास रच्ने आधार वर्षको रूपमा व्याख्या गरेको छ ।[९] त्यसैगरी राष्ट्रिय योजना आयोगले पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७७–२०८०/८१)को आधारपत्र तयार पारेको छ । सो आधारपत्रले वि.सं. २१०० सम्मको दीर्घकालीन सोंच समावेश गरेको छ जसमा नेपाललाई आर्थिक वर्ष २०७९/८० सम्म विकासशील राष्ट्र, वि.सं. २०८७ सम्म निरपेक्ष र बहुआयामिक गरिबीबाट मुक्त पार्ने र वि.सं. २१०० मा समुन्नत राष्ट्र पुऱ्याउने लक्ष्य राखेको छ । त्यसैगरी 'समृद्ध नेपाल, सुखी नेपाली'को दीर्घकालीन लक्ष्य पनि निर्धारण गरिएको छ । सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तरआबद्धता, मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपभोग, उच्च र दीगो उत्पादन तथा उत्पादकत्व र उच्च र समतामुलक राष्ट्रिय आयका माध्यमबाट समृद्धि हासिल गर्ने दीर्घकालीन राष्ट्रिय लक्ष्य राखेको छ । त्यसैगरी परिष्कृत तथा मर्यादित जीवन, सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, स्वस्थ्य र सन्तुलित पर्यावरण, सुशासन, सवल लोकतन्त्र र राष्ट्रिय एकता, सुरक्षा र सम्मानमार्फत सुख प्राप्त गर्ने लक्ष्य निर्धारण गरेको छ । योजनामा दीर्घकालीन सोंचका ३१ ओटा परिमाणात्मक लक्ष्यहरू तय गरिएका छन् । आर्थिक बृद्धि, गरिबी न्यूनीकरण, लैङ्गिक विकास, मानव विकास जस्ता लक्ष्य समावेश गरिएको भएपनि दलितमाथि भइरहेको विभेदको अन्त्य गर्ने लक्ष्य स्पष्टरूपमा समावेश गरिएको छैन । त्यसैगरी पन्ध्रौं योजनाको आधारपत्रमा चारओटा मुख्य परिमाणात्मक लक्ष्य समावेश छन्ः जसमा १) उच्च र समतामुलक राष्ट्रिय आय, २) मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, ३) सर्वसुलभ आधुनिक पूर्वाधार एवं अन्तरसम्बन्ध, र ४) उच्च दिगो उत्पादन र उत्पादकत्व । त्यसैगरी सुख प्राप्तिका छओटा लक्ष्यहरू : १) परिष्कृत तथा मर्यादित जीवन, २) सुरक्षित, सभ्य र न्यायपूर्ण समाज, ३) स्वस्थ्य सन्तुलित पर्यावरण, ४) सुशासन, ५) सवल लोकतन्त्र र ६) राष्ट्रिय एकता, सुरक्षा र सम्मान समावेश छन् ।[१०] समृद्धि र सुख प्राप्तिका लक्ष्यमा गरिबीको अन्त्य, विभेद, हिंसा र अपराधमुक्त समाजको साथै सुशासनको कुरा समावेश छ । आधारपत्रमा महिलामाथि हुने हिंसाको सन्दर्भ सामान्यरूपमा समावेश गरिएको भए पनि दलित समुदायले भोग्दै आइरहेका समस्याबारे राष्ट्रिय लक्ष्यमा स्पष्ट दृष्टिकोण बनेको छैन ।

संघीय सरकारको सोही योजना र लक्ष्यलाई नै प्रदेश र स्थानीय सरकारले पनि आफ्ना एजेण्डा बनाएका छन् र सोही अनुरूपका नीति तथा कार्यक्रम सार्वजनिक गरेका छन् । समृद्धि हासिल गर्ने लक्ष्य राखेको भए पनि समृद्धिबारे आवश्यक गम्भीर बहस, छलफल र अन्तर्क्रिया भने तीनै तहका सरकार र राजनीतिक दलहरूले गरेको छैन ।

---

७ सातओटा प्रदेशका जम्मा ५५० प्रदेशसभासदस्यमध्ये तत्काली नेकपा (एमाले)बाट २४३ र नेकपा (माओवादी)का १०८ सदस्यहरू प्रदेशमा निर्वाचित भएका छन् ।

८ तत्कालीन नेकपा (एमाले)ले स्थानीय सरकारमा २९४ र नेकपा (माओवादी केन्द्र)ले १०६ स्थानीय सरकारको नेतृत्व गरेका छन् ।

९ वि.सं. २०७५ जेठ ७ गते राष्ट्रपति विद्यादेवी भण्डारीद्धारा संसदमा प्रस्तुत आ.ब २०७५/७६ को नीति तथा कार्यक्रम ।

१० राष्ट्रिय योजना आयोग । वि.सं. २०७५ । पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/७६–२०८०/८१) आधारपत्र । राष्ट्रिय योजना आयोग, सिंहदरबार, काठमाडौं ।

समृद्धिलाई केबल राजनीतिक नारा बनाउने, राज्यको नीति तथा कार्यक्रममा समावेश गर्ने बाहेक नेपालले प्राप्त गर्न खोजेको समृद्धि कस्तो हो, यसका आधारभूत चरित्र के–के हुन् ? कसका लागि समृद्धि ? समृद्धिका आधारहरू के–के हुन् ? समृद्धि प्राप्त गर्ने विधि, प्रक्रिया र मार्गचित्र (रोडम्याप) के हो ? नेपाल जस्तो जातीय, भाषिक, धार्मिक, सांस्कृतिकरूपमा विविधतालाई समृद्धिले कसरी सम्बोधन गर्छ ? बहिस्करण र विभेदले भरिएको नेपाली समाजको आमूल परिवर्तन गर्ने समृद्धि कसरी हासिल हुन सक्छ भन्ने जस्ता प्रश्नबारे गम्भीरतापूर्वक सरकारले न त स्पष्ट मार्गचित्र बनाउन सकेको छ न त यथेस्ट बहसनै चलाएको छ। सरकारका नीति तथा कार्यक्रम, राष्ट्रिय योजना वा राजनीतिक दलका दस्ताबेज, र विज्ञहरूबाटै नेपालले समृद्धि प्राप्त गर्ने स्पष्ट मार्गचित्र प्रस्तुत गर्न सकेका छैनन् ।

वि.सं. २०६८ को जनगणनाअनुसार १३ प्रतिशत[११] जनसंख्या रहेको दलित समुदाय राज्यका सबै संरचनाबाट लामो समयदेखि बहिस्करणमा पारिँदै आएका छन् । तथ्याङ्क विभागले सन् २०११ मा प्रकाशित गरेको नेपाल जीवनस्तर सर्वेक्षणले नेपालमा २५.२ प्रतिशशत औसत गरिबीको रेखामुनी रहेको देखाउँछ। तर, ४२ प्रतिशत[१२] दलित गरिबीको रेखामुनी बाँच्न विवश छन् । यतिमात्रै होइन दलित समुदाय छुवाछूत–भेदभावजस्तो अमानवीय विभेदसमेत भोग्न बाध्य छन् । संवैधानिक र कानुनीरूपमा विभेदको अन्त्य गरिएको भएपनि व्यवहारिकरूपमा दलितमाथिको विभेद कायमै छ भने त्यस्ता घटनामा हुने दण्डहीनता कायमै छ।

यस नीतिपत्रमा दलित समुदायमाथि भइरहेको यस किसिमको विभेद र बहिस्करणको अन्त्य नगरी सामाजिक न्यायसहितको समृद्ध प्राप्त गर्न सम्भव कसरी छ ? राष्ट्रिय राजनीतिको केन्द्रीय मुद्दा बनेको समृद्धिको एजेण्डाभित्र दलित कहाँ पर्छ वा दलितका सरोकारलाई कसरी सम्बोधन गर्छ ? र, दलितले अपेक्षा गरेको समृद्धि चाहिँ कस्तो हो भन्ने विषयमा केन्द्रीत छ।

## २. नीति–पत्रको उद्देश्य

समृद्धि र दलित सरोकारबारे तयार पारिएको यस नीति–पत्रको निम्नानुसार उद्देश्य रहेका छन् :

- राष्ट्रिय मुद्दाका रूपमा रहेको समृद्धिको बहसलाई दलित समुदायको दृष्टिकोणबाट समीक्षा गर्ने ।
- दलितले अपेक्षा गरेको समृद्धिका आधारभूत अन्र्तवस्तुबारे चर्चा गर्ने ।
- दलितले अपेक्षा गरेअनुरूपको समृद्धि प्राप्तिका लागि राज्य, राजनीतिक दल र अन्य सरोकारवालाको भूमिका कस्तो हुनुपर्छ भन्ने विषयमा चर्चा गर्ने ।

## ३. अध्ययन विधि

यो नीतिपत्र तयार पार्नका लागि मूलतः तीन किसिमको विधि अवलम्लबन गरिएको छ। एक, नेपालमा भइरहेको समृद्धिको बहससँग सम्बन्धित पूर्वप्रकाशित साहित्यको अध्ययन र विश्लेषण गरिएको छ । दुई, डिग्नीटी इनिसियटिभले देशभरका सातओटै प्रदेशमा दलितले खोजेको समृद्धि कस्तो हो भन्ने विषयमा दलित समुदायका सांसद, बुद्धिजीवि, राजनीतिक कार्यकर्ता, अधिकारकर्मी र पत्रकारसँग अन्तर्क्रिया र छलफल कार्यक्रम आयोजना गरेको थियो। सातओटा प्रदेश र राष्ट्रियस्तरमा आयोजना गरिएको छलफलमा २१६ जना पुरुष ९४ जना महिला गरी ३३० जना सहभागी थिए। प्रदेश तथा केन्द्रका गरी २० जना सांसद छलफलमा सहभागी थिए। ती कार्यक्रमबाट प्राप्त सूचना, तथ्य र विचारलाई नीतिपत्रमा समावेश र विश्लेषण गरिएको छ। र, तीन, समृद्धिका र दलित सवालमा विभिन्न विश्लेषक, लेखक र दलित नेताहरूसँग छलफलबाट प्राप्त सूचना र विचारको विश्लेषणका आधारमा यो नीतिपत्र तयार पारिएको हो ।

[११] २०६८ सालको जनगणनाअनुसार नेपालका दलितहरूको जनसूँख्या १२.६ प्रतिशत छ। यो तथ्याङ्क विभिन्न कारणले गलत भएकोले गैरसरकारी संस्थाहरूले दलितहरूको जनसूँख्या २१ प्रतिशतको हाराहारीमा रहेको आहुतिले चर्चा गर्नुभएको छ (आहुति सन् २००४)।

[१२] Nepal Living Standard Survey 2011, Central Bureau of Stastitics (CBS), Kathmandu, Nepal.

## ४. नेपालमा समृद्धिको अवधारणाबारे बहस

नेपालका मुख्य राजनीतिक दलहरूले राजनीतिक क्रान्तिको चरण पूरा भएकोले अबको राष्ट्रिय प्राथमिकता विकास र समृद्धि नै हो भनेर आफ्ना दस्तावेजहरूमा लेखेका छन् । तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)ले प्रतिनिधसभा र प्रदेशसभा निर्वाचनमा जारी गरेको घोषणापत्रमा आधारभूतरूपमा नेपाली राजनीतिक क्रान्ति सम्पन्न भएको निष्कर्ष छ । 'स्वच्छ निर्वाचन लोकतन्त्रको आधार, सुशासन र समृद्धिका लागि वामपन्थी सरकार' नारासहित निर्वाचनमा होमिएको वामगठबन्धनको घोषणापत्रमा सामाजिक न्याय एवं न्यायोचित वितरणसहितको आर्थिक समृद्धि र समग्रमा समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक राष्ट्रिय क्रान्ति मूल आर्थिक कार्यदिशा हुने बताएका छन् ।[१३] त्यसैगरी नेपाली कांग्रेसले 'कांग्रेसको नेतृत्वमा शान्ति र संविधान, कांग्रेसकै नेतृत्वमा सम्बृद्धिको अभियान' नारा दिएर चुनावमा होमिएको थियो । कांग्रेसले राष्ट्रिय एजेण्डा देश र जनताको आर्थिक समृद्धिमा केन्द्रीत हुनुपर्ने घोषणापत्रमा उल्लेख गरेको छ ।[१४] मूलतः नेपालले राजनीतिक संघर्ष र रूपान्तरणको चरण पार गरेको छ र अहिले आर्थिक रूपान्तरण र सामाजिक मुद्दाहरूसँग लड्ने बेला आएको राजनीतिक दलका मुख्य नेताहरूको निष्कर्ष देखिन्छ ।[१५] नेपालमा ठूला राजनीतिक दलले मुख्य राजनीतिक समृद्धिलाई राष्ट्रिय एजेण्डा भए पनि समृद्धि कसरी हुन्छ वा नेपालको विविधतालाई समृद्धिको एजेण्डाले कसरी सम्बोधन गर्छ भन्ने कुरा कुनै पनि दस्तावेजमा प्रष्ट्याएका छैनन् ।

समृद्धिलाई बुझ्ने र व्याख्या गर्ने विभिन्न अवधारणा र आयाम छन् । पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले समृद्धिको अवधारणालाई उच्च आर्थिक बृद्धि र आर्थिक समृद्धि, समावेशी विकास र सामाजिक न्याय, दीगो विकास प्रक्रियाका लागि वातावरणीय संरक्षण, व्यक्तिगत खुशीका लागि आत्मिक सवलीकरणका रूपमा व्याख्या गरेका छन् । उनले निरपेक्ष गरिबी, बेरोजगारी, आर्थिक परनिर्भरता, धनको समन्यायिक वितरण र विभिन्न वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र जातजन्य विभेदको समस्याको समाधान गरेर नेपाल समृद्ध बन्न सक्ने अवधारणा अगाडि सारेका छन् ।[१६] समृद्धिको बहुआयमिक अवधारणा हुने विश्लेषण गर्दै भट्टराईले उत्पादन र उत्पादकत्वको अभिवृद्धि, समन्यायिक वितरण, स्रोत–साधन र पर्यावरणीय दिगोपना, मानवीय खुशी–सन्तुष्टीले समष्टीमा जीवनको गुणस्तर कायम गर्ने भएका कारण यस्तो गुणस्तरीय जीवनलाई समृद्धिको रूपमा व्याख्या गरेका छन् ।[१७]

देशको कूल ग्राहस्थ उत्पादनमा हुने बृद्धि, गरिबीको अन्त्य, उच्च आर्थिक वृद्धि, औद्योगिकीकरण, पूर्वाधारको विकासलाई समृद्धिको रूपमा व्याख्या गर्ने गरिएको छ । अर्थ–विश्लेषक भीम भुर्तेलले समृद्धिलाई उच्च प्रतिव्यक्ति आय (न्यूनतम वार्षिक १२ हजार २ सय ३६ अमेरिकी डलर), उत्पादन, विनिमय, वितरण, पुँजी सङ्ग्रह, लगानी र पुर्नवितरणजस्ता आर्थिक क्रियाकलापका लागि बलियो संस्थाहरू भएको अवस्था र विपदका समयमा हुने आर्थिक उतारचढावलाई खेप्न सक्ने क्षमता हुनुलाई समृद्धिको रूपमा चर्चा गरेका छन् ।[१८] समाजशास्त्री डा.युवराज लुईंटेलले समाजशास्त्रीय दृष्टिकोणबाट समृद्धिलाई 'जीविकोपार्जनको उत्थान, जीवन निर्वाहको उपायहरूको संयोजनमा आएको सहजता, आत्मनिर्भरता, अभाव र विपन्नताको निवारण, आदर, आत्मसम्मान र बिकल्पहरूको उपलब्धता समेतलाई 'समृद्धिको आयाम'को रूपमा चर्चा गरेका छन् ।[१९]

---

[१३] प्रतिनिभिसभा तथा प्रदेशसभा निर्वाचन–२०७४, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को साझा घोषणा ।

[१४] नेपाली कांग्रेसको घोषणापत्र : प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७४ ।

[१५] Bhattarai, Dr. Baburam. 2018. Proposition of Social Justic and Economic Prosperity for Nepal. Keynote speech, presented in a "Conference on Public Policy and Governance in South Asia: Towards Justice and Prosperity", 28-29 June, Nepal Administrative Staff College, Jawalakhel, Kathmandu, Nepal.

[१६] पूर्ववत् ।

[१७] त्रिभवन विश्वविद्यालयका विद्यावारिधीका शोधकर्ताहरूसँगको वि.सं. २०७६ साउन १८ गते आयोजना गरिएको 'नेपालको अर्थ–राजनीतिक दिशा' शीर्षकको छलफलमा डा. बाबुराम भट्टराईले दिएका विचार ।

[१८] भुर्तेल, भीम । २०७४ । जरूरीको स्याल हुईयाँ । कान्तिपुर (कोसेली) ३ चैत्र । https://www.kantipurdaily.com/koseli/2018/03/17/152126227357476016.html

[१९] वि.सं. २०७५ जेठ ३ गते काठमाडौंमा नेपाल समाजशास्त्र संघले आयोजना गरेको कार्यक्रममा डा. युवराज लुईंटेलले नेपालमा 'जरूरी'को बहस र यसका सामाजिक–आर्थिक आयामहरू शीर्षकमा प्रस्तुत गरेको कार्यपत्र ।

ब्रिटिश लेखक तथा राजनीतिकर्मी म्याट रिड्सलगायत पश्चिमा विद्धानहरूले मूलतः आर्थिक सबलता वा कूल ग्राहस्थ उत्पादनमा बृद्धि हुनुलाई समृद्धि मान्छन् । म्याट रिड्सले –द न्यास्नल अप्टिमिस्टः हाउ प्रस्पेरिटी इभोल्भस पुस्तकमा कुनै पनि वस्तु या सेवा प्राप्त गर्दा हुने सहजतालाई समृद्धिका रूपमा व्याख्या गरेका छन् । उनका अनुसार व्यक्तिको दैनिकीमा आउने सहजता अर्थात व्यक्तिले आवश्यकतालाई सहज ढङ्गबाट पाउने र सहज जिविकोपार्जन गर्ने कुरा नै समृद्धि हो ।[२०] समृद्धि प्राप्तिका लागि भौतिक पूर्वाधारको निर्माण, उत्पादन र उपभोग, उत्पादित वस्तुको न्यायोचित वितरण, मानवीय खुशी र सन्तुष्टी आदि हुने उनको तर्क छ ।

कतिपय विद्धानहरूले मानिसको स्वतन्त्रता र उच्चतम लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने राजनीतिक व्यवस्थालाई समृद्धिसँग गाँसेर हेर्ने गरेका छन् । बेलायतस्थित लेगाटम इन्स्टिच्यूटले समृद्धि भौतिक सम्पत्ति र सामाजिक भलाइको साझेदारी जुन एकअर्काबाट लाभान्वित हुने र उन्नति गर्न सक्ने अवस्थालाई समृद्धिको रूपमा व्याख्या गरेको छ । बलियो सामाजिक पुँजीबिना स्थायी र उच्च भौतिक समृद्धि असम्भव रहेको लेगाटमको व्याख्या गरेको छ ।[२१] यो प्रतिवेदनको आशय पनि मानवीय विकासबिनाको भौतिक पूर्वाधारको विकासले मात्रै समृद्धि हासिल गर्न असम्भव छ भन्ने हो । सन् २०१९ लिगाटमले जारी गरेको समृद्ध देशको सूचिमा नेपाल विश्वका १६७ देशमध्ये ११५ औं स्थानमा छ ।

नेपालमा पनि आर्थिक बृद्धिदर र भौतिक पूर्वाधारको विकासलाई समृद्धिसँग गाँसेर हेर्ने गरिएको छ । तर, समृद्धिको यो बुझाइले नेपालको विविधता, विभेद र बहिस्करणसहितको समाजको यथार्थलाई कसरी सम्बोधन गर्न सक्छ भन्ने कोणबाट विश्लेषण भएका छैनन् । विद्यमान असमानताको अनुपातलाई निरन्तरता दिने चरित्रको विकास र समृद्धिले सामाजिक न्याय, समातामुलक समाजको निर्माण गर्न सम्भव छैन । समाजशास्त्री चैतन्य मिश्र भन्छन्, 'समृद्धि मूलतः परिवार र देशको आय बढ्ने कुरा नै हो ।... हामीले ध्यान दिनुपर्ने विषय भनेको समृद्धिलाई समतासँग कसरी जोड्ने भन्ने हो ।'[२२] संवैधानिकरूपमा स्वीकार गरिएको समावेशी लोकतन्त्रको अभ्यास, समाजवाद उन्मुख अर्थप्रणाली र समतामा आधारित सामाजको निर्माण समृद्धि प्राप्तिका दिशामा कसरी कार्यान्वयन हुनुपर्छ भन्ने मार्गचित्र भने अझैं पनि प्रष्टरूपमा आउन सकेको छैन ।

नेपालमा ठूला राजनीतिक दलहरूको मूलतः भौतिक पूर्वाधारको विकास गर्ने र आर्थिक बृद्धि गरी समृद्धि प्राप्त गर्न खोजेको देखिन्छ । यसको उदाहरणका रूपमा स्थानीय सरकारले मोनोरेल सञ्चालन गर्ने, स्मार्टसिटी निर्माण गर्नेजस्ता नारा लगाएका छन् भने प्रदेश र केन्द्रीय सरकारले पानीजहाज चलाउने, मानोरेल चलाउने, पूर्वपश्चिम रेलमार्ग सञ्चालन गर्ने, विद्युत उत्पादन गर्नेजस्ता सरकारी योजना प्रस्तुत गरिरहेका छन् । तर, सरकारी प्राथमिकताका यी परियोजनाले नेपाली समाजको आवश्यकता र समृद्धिको चाहनालाई पूरा गर्न सक्छ कि सक्दैन भन्ने प्रश्नको जवाफ दिन सकेको छैन ।

नेपालमा समृद्धिको सूचक केलाई मान्ने र कसका लागि समृद्धि भनेर विश्लेषण नगरिकन अहिले गरिँदै आएको बहसले ठीक ठाउँमा पुगिँदैन । राणा–शाही शासनकालमा जनताको दुर्दशापूर्ण अवस्था थियो तर राजा–महाराजाहरूको जीवन सहज नै थियो । तत्कालीन अवस्थामा उनीहरूले समृद्ध जीवन बाँच्न पाएका थिए । अहिले नेपालमा परिकल्पना गरिएको समृद्धि पनि हुनेखाने वा शासकहरूको समृद्धि हो कि नागरिकको ? समृद्धि धनीलाई थप धनी बनाउँदै लैजाने खालको हो कि चरम गरिबी र अभावबाट मुक्ति दिने प्रकृतिको ? न्याय र आत्मसम्मानपूर्वक बाँच्न पाउने नागरिकको अधिकारको स्थापित गर्ने किसिमको कि विभेद र बहिस्करणलाई निरन्तरता दिने खालको ? यस्ता प्रश्नको जवाफ नखोजिकन गरिने समृद्धिको बहसले नेपाली समस्यालाई सम्बोधन गर्न सक्दैन ।

---

[२०] Ridley, Matt. 2011. The Rational Opmisit: How prosperity evolv. HarperCollins. New York, USA

[२१] Legatum, 2016. Legatum Prosperity Index 2016, Methodology Report. London, United Kingdom.

[२२] मिश्र, चैतन्य । २०७५ । अन्तर्वार्ता । गाली गर्दैमा जरूरीको बहसबाट मुक्ति पाईन्न । नेपाल साप्ताहिक । कान्तिपुर पब्लिकेशन, काठमाडौं । http://nepal.ekantipur.com.np/news/2018-06-27/20180627171532.html

अहिलेको नेपाल सामन्तवादी उत्पादन प्रणालीबाट पुँजीवादी प्रणालीमा रूपान्तरण हुँदैछ । यस किसिमको पुँजीवादी आर्थिक व्यवस्थामा विकास र समृद्धिको परियोजनाबाट विशेषगरी सम्पन्न र शक्तिशालीहरू नै बढी लावान्भित हुने सम्भावना रहन्छ । मावनशास्त्री सुरेश ढकाल र सञ्जिव पोखरेलको विश्लेषणमा विकास योजना सफल वा असफल जे भए पनि रकम बिनियोजन, ठेक्कापट्टा, सार्वजनिक खरिद आदि प्रक्रियामा पहुँच हुने वर्ग विकासे आयोजनाबाट अविछिन्न नाफा लिइरहन्छन् । ठूला भौतिक पूर्वाधारको विकासको योजना तथा राष्ट्रिय गौरवका आयोजनाबाट छुट्याइने राज्यको ठूलो धनराशीबाट राजनीतिक नेतृत्व, व्यापारी, सुरक्षा निकाय र यी सबैको बीचमा दलाली गर्ने वर्गको स्वार्थले काम गर्दछ ।[२३] यसको परिणाम ठूला–ठूला भौतिक संरचनाले थिचिएर गरिबीको रेखामुनी पारिएका समुदायको जीवन तहस–नहस हुनसक्ने अवस्था छ । गरिब झन गरिब हुने, विभेदमा पारिएका समुदायले अन्यायपूर्ण जीवन बाँचिरहनु पर्ने अवस्थाले निरन्तरता पाउने खतरा छ । त्यसैले राज्यको र प्राकृतिक साधन स्रोतको न्यायोचित वितरण र परिचालन, उत्पादनको न्यायोचित वितरण प्रणाली, संरचनागत विभेदको अन्त्य जस्ता सवाललाई केन्द्रमा राखेर समृद्धिको परिकल्पना नगर्ने हो भने त्यसले बहिस्करण र विभेदलाई नै निरन्तरता दिन्छ । त्यसैले समृद्धिको बहसलाई सामाजिक न्यायको दृष्टिकोणबाट हेर्नु अनिवार्य हुन आउँछ ।

राजनीतिक विश्लेषक हरि रोका उत्पादनका साधानमाथि देखिएको वितरणको असमानता (जल, जङ्गल, जमिन, उद्योग, व्यापारमाथिको असमान स्वामित्व), शिक्षा, स्वास्थ्य, रोजगारी वितरणमा असमानता, राजनीतिक, सामाजिक संस्थामा प्रवेशमा विभेदजस्ता सामाजिक अन्यायबीच समृद्धिको कल्पना गर्नु भनेको केही मुट्ठीभर मानिसको मात्रै समृद्धि हुने विश्लेषण गर्छन् ।[२४] अर्थात सामाजिक न्यायबिना विभेद र बहिस्करणमा पारिएका समुदायले समृद्धि प्राप्त गर्न सक्दैनन् । त्यसैगरी समृद्धिको आधारभूत प्रश्नहरूको जवाफ नखोजी नेपालमा समृद्धिको यात्रा नै सुरू नहुने राजनीतिक चिन्तक तथा दलित नेता आहुतिको विश्लेषण छ । उनी लेख्छन् :

> “समृद्धि सबैलाई चाहिएको छ । तर, कस्तो समृद्धि ? समृद्धिको विचारधारा हुन्छ कि हुन्न ? समृद्धिको राजनीति हुन्छ कि हुन्न ? समृद्धिको वर्ग पक्षधरता हुन्छ कि हुन्न ? समृद्धिसँग सम्बन्धित आधारभूत प्रश्नहरू अनुत्तरित छन् । नेपालमा विश्वमा अविकसित र गरिब भयो किन र कहिलेबाट ? गरिबी थप्दै लिएर आउने कारणहरू के हुन्, ती कारणहरू अब गायब भइसके ? यथावत छन् भने ती कारणमाथि विजय पाउने रणनीति के ? यी यस्ता प्रश्न हुन् जसको ऐतिहासिक उत्तर दिने साहस नगरी समृद्धिको यात्रा सुरू हुँदैन ।”[२५]

समृद्ध जीवन सबैको चाहना र आवश्यकता हो । सबै किसिमको बहिस्करण र विभेदको अन्त्यका साथै समृद्ध जीवन दलितको पनि चाहना हो । नेपालमा बहस भइरहेको समृद्धिको बहस विशेषगरी आर्थिक बृद्धि हासिल गर्ने, भौतिक पूर्वाधारको निर्माण गर्ने दिशामा बढी केन्द्रीत छ तर सामाजिक तहमा भइरहेको विभेद अन्त्य गर्ने वा समतामुलक समाज निर्माणका दिशामा समृद्धिको बहस मौन छ । सैद्धान्तिकरूपमा नेपालले प्राप्त गर्न खोजेको समृद्धि कस्तो हो ? समृद्धि प्राप्तिका आधारहरू के–के हुन् ? समृद्धि प्राप्तिको मार्गीचित्र के हो र सरकारले अगाडि सारेको समृद्धिले बहिस्करण र विभेदमा पारिएका समुदायको समृद्धिको चाहनालाई कसरी सम्बोधन गर्छ ? भन्नेजस्ता विषयमा स्पष्ट दृष्टिकोण निर्माण गर्न सकेको छैन । त्यसैले नेपालको समग्र सामाजिक–आर्थिक, राजनीतिक, सांस्कृतिक आदि समस्यालाई सम्बोधन गर्ने वा न्याय र समतामुलक समाज निर्माण गर्ने स्पष्ट दृष्टिकोणबिनाको समृद्धिले आम नेपाली समुदायको समृद्धिको चाहना पूरा गर्न सक्ने देखिँदैन ।

---

[२३] सुरेश ढकाल र संजीव पोखरेल । २०७४ । विकासः कस्तो ? कसका लागि ? कान्तिपुर, १९ पुष, पृ. ६ । https://www.kantipurdaily.com/bibidha/2018/01/03/20180103070841.html

[२४] राजनीतिक विश्लेषक हरि रोकाले काठमाडौंमा वि.सं. २०७६ भदौ १९ गते आयोजित एक कार्यक्रममा प्रस्तुत गरेको ‘सामाजिक न्यायसहितको जरूरीको मार्गचित्र’ शीर्षकको कार्यपत्र ।

[२५] राजनीतिक चिन्तक तथा लेखक आहुतिको वि.सं. २०७५ माघ १३ गते कान्तिपुर दैनिकमा प्रकाशित ‘अपरिभाषित जरूरीका दुःख १’ मा यसबारे चर्चा गरेका छन् ।

## ५. समृद्धिको बहसमा दलित

सैद्धान्तिकरुपमा समृद्धि पुँजीवादी विकाससँगै आएको एउटा आर्थिक र भौतिक विकासको अवधारणा हो। यस अवधारणाले केबल आर्थिक बृद्धि, प्रतिव्यक्ति आयमा वृद्धि, गुणस्तरीय जीवन, व्यक्तिगत स्वतन्त्रता आदिलाई केन्द्रमा राख्छ । तर, आमूल आर्थिक, राजनीतिक, सामाजिक–सांसकृतिक रुपान्तरणको मुद्दालाई सम्बोधन गर्दैन। नेपालको सन्दर्भमा जातव्यवस्थामा अर्थ–राजनीतिक शक्ति सम्बन्धलाई भत्काउने र बहिस्करण र विभेदमा पारिएका दलितलगायत समुदायको मुक्तिको राजनीतिक एजेण्डालाई समृद्धिले समेट्दैन। यसको अर्थ समृद्धि दलित समुदायमाथि भइरहेको राजनीतिक बहिस्करण, आर्थिक बञ्चितीकरण, शोषण र उत्पादनका स्रोतमाथिको पहुँचहीनता, सामाजिक अपराधका रुपमा रहेको छुवाछूत–भेदभाव र अपमानलाई सम्बोधन गर्ने कार्यक्रम होइन । यद्यपि, समृद्धिले समग्र राष्ट्रको आर्थिक र भौतिक विकास गरेको खण्डमा दलितले पनि थोरै फाइदा लिनसक्ने अवस्था भने बन्न सक्छ। यस एजेण्डालाई कम्तीमा सामाजिक न्यायसँग गाँस्ने हो भने दलित समुदायको आधारभूत अधिकार उपयोग गर्ने सन्दर्भमा सघाउन भने सक्छ।

सामाजिक न्याय समृद्धिको आधारभूत तत्व हो अर्थात सामाजिक न्यायबिनाको समृद्धि परिकल्पना गर्न सकिँदैन। यसका लागि हिन्दू वर्णव्यवस्थामा आधारित उत्पीडनकारी र अत्याचारी सामाजिक–आर्थिक–सांस्कृतिक व्यवस्थाको अन्त्य हुनु अनिवार्य छ । नेपाली समाजमा सबैभन्दा उत्पीडनमा पारिएका दलित समुदायमाथिको ऐतिहासिक अन्यायको वस्तुगत विश्लेषण नगरी न्यायपूर्ण समाजको कल्पना गर्न असम्भव छ। त्यसैले दलितमाथिको ऐतिहासिक अन्याय र अत्याचारको अन्त्यबिना दलितले सामाजिक न्यायसहितको समृद्धि प्राप्त गर्न सक्दैनन्।

दलितलाई हिन्दू वर्णव्यवस्थाको सुरुआतदेखि नै नियोजितरूपमा विभेद गर्न सुरु गरिएको थियो । ती विभेदकारी शासन व्यवस्थाको निरन्तरता अहिलेसम्म पनि कायमै छ। इसापूर्व २०० तिर राजा मनुले वर्णव्यवस्थामा कठोर किसिमको छुवाछूत भेदभावसमेत लादेका थिए। त्यसैगरी लिच्छवी, मल्लकाल हुँदै नेपालमा जातीय विभेद तथा छुवाछूत–भेदभावलाई संस्थागत गरिएको थियो । राजा जयस्थिति मल्ल (सन् १३६०–१३९५) ले समाज सुधारका नाममा लागू गरेको छुवाछूत भेदभाव होस् वा गोरखाका राजा राम शाह (सन् १६०५–१६३६) ले वर्णव्यवस्थालाई बलियो पार्न गरेको जातीय वर्गीकरण आदिले जातव्यवस्थालाई संस्थागत गरेका हुन् । पृथ्वीनारायण शाहको असली हिन्दूस्थानको अभियान हुँदै जङ्गबहादुर राणाले वि.सं. १९१० मा मुलुकी ऐन जारी गरेपछि नेपाली समाजलाई तहगत संरचनामा विभाजित गरी छुवाछूतुभेदभावलाई कडाइका साथ लागू गरियो । यसरी ऐतिहासिकरूपमा रुक्का, आदेश हुँदै ऐन नै बनाएर दलितमाथि राजनीतिक बहिस्करण, आर्थिक शोषण, सामाजिक–सांस्कृतिकरूपमा अपमानपूर्ण जीवन बाँच्न बाध्य पारिएकै कारण दलित समुदायले आत्सम्मानपूर्वक बाँच्न पाइरहेको छैनन्। जातव्यवस्था र विभेदलाई संस्थागत गर्ने मनु–स्मृति र वि.सं. १९१० को मुलुकी ऐनको निरन्तरता पञ्चायती राजनीतिक व्यवस्था थियो। लोकतान्त्रिक र गणतान्त्रिक व्यवस्थामा समेत यस किसिमको विभेदकारी व्यवस्थाले निरन्तरता पाइरहेको छ । दलितमाथिको ऐतिहासिक अन्याय र अत्याचारको समीक्षासँगै सामाजिक न्याय स्थापित हुने स्पष्ट मार्गचित्रबिना दलितले समृद्धि प्राप्त गर्नसक्ने अवस्था रहँदैन।

## ६. दलित समुदायको अवस्था

राज्यको विभेदपूर्ण संरचनाका कारण दलित समुदाय नेपाली समाजको सबैभन्दा पिँधमा पारिएका छन् । दलितलगायत उत्पीडनमा पारिएका वर्ग र समुदायका समावेशीकरणको मुद्दा समृद्धिको आधाभूत कडी हो । राज्यको मूलतः नीति निर्माण गर्ने संसद, कार्यान्वयन गर्ने कार्यपालिका र तिनका अङ्गहरू, र न्यायपालिकामा दलित समुदायको प्रतिनिधित्व अत्यन्तै न्यून छ । मुलुकको संविधानले समानुपातिक समावेशीकरणलाई स्वीकार गरेको छ, तर अहिलेको संघीय संसदमा १९ जना (६.९१ प्रतिशत) मात्रै प्रतिनिधित्व छ भने राष्ट्रिय सभामा ७ जना सहभागी छन् । प्रदेशसभामा पनि दलितको प्रतिनिधित्व अत्यन्तै

कमजोर छ। सातओटै प्रदेशमा कूल ५५० सदस्य छन् जसमध्ये दलितको संख्या ३२ (५.८२ प्रतिशत) मात्रै छ। त्यस्तै स्थानीय तहमा हेर्ने हो भने नगरपालिकामा ६ जना (२.०५ प्रतिशत) मेयर, १२ जना (४.१० प्रतिशत) उपमेयर, गाउँपालिकामा १ जना (०.२२ प्रतिशत) अध्यक्ष र १५ जना (३.२६ प्रतिशत) उपाध्यक्ष र प्रायजसो वडाहरूमा एकजना दलित महिला प्रतिनिधित्व रहेको छ।[२६] यसरी संघीय संसद, प्रदेशसभा र स्थानीय तहमा निर्वाचिन हुनेमध्ये पहाडी दलितको तुलनामा मधेसी दलितको प्रतिनिधत्व अन्त्यतै कमजोर छ। पहाडी दलितभित्रकै सीमान्तीकरणमा पारिएका बादी, गन्धर्वको प्रतिनिधित्व नगन्य मात्रामा छ। जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको अधिकारबाट दलितहरू बञ्चित छन्। उनीहरूको कमजोर प्रतिनिधित्वको प्रत्यक्ष असर नीति निर्माण र कार्यान्वयन प्रक्रियामा पर्दछ। डिग्नीटी इनिसियटिभले सातै प्रदेश र राष्ट्रियस्तरमा गरेको छलफलका अधिकांश सहभागीहरूले दलित समुदायको न्यायोचित प्रतिनिधित्व सुनिश्चित हुन नसकेको, स्थानीय तहमा निर्वाचित दलित प्रतिनिधिका आवाजलाई बेवास्ता गरिएको र समग्रमा अहिलेको दलित समुदायको प्रतिनिधित्वले शासकीय शक्तिसम्बन्धमा फेरबदल ल्याउन सक्नेस्तरमा नभएको बताएका थिए। राज्य संरचनामा परिवर्तन भए पनि अधिकांश राजनीतिक दल, निर्वाचित जनप्रतिनिधिको दलितलाई हेर्ने विभेदकारी मनोविज्ञानको रूपान्तरण हुन नसकेकोले दलित मुद्दा अहिले पनि ओझेलमै रहेको सहभागीहरूको तर्क थियो।

आर्थिकरूपमा दलित समुदाय नेपालको सबैभन्दा गरिब समुदाय हो भन्ने कुरा तथ्याङ्कले पनि पुष्टि गर्छ। केन्द्रीय तथ्याङ्क विभागको नेपाल जीवनस्तर सर्वेक्षण २०६६–६७ ले नेपालको गरिबी २५.१६ प्रतिशत रहेको देखाएको छ।[२७] तर करिब ४२ प्रतिशत दलित अझै पनि गरिबीको रेखामुनी रहेका छन्। राज्यसत्ताको बागडोर सम्हाल्दै आएका ब्राह्मण–क्षत्रीको गरिबी करिब १४ प्रतिशत मात्रै छ। नेपालका करिब ७६ प्रतिशत मानिस अझै पनि कृषि पेसामा नै निर्भर छन्। तर, जिविकोपार्जनको एउटा महत्वपूर्ण स्रोत भूमिमाथि दलित समुदायको स्वामित्व अन्यन्तै कम छ। पहाडका २३ प्रतिशत र तराईका ४४ प्रतिशत दलित भूमिहीन छन्। दुई रोपनीभन्दा कम जमिन भएकालाई कृषि भूमिहीनको कित्तामा राख्ने हो भने पहाडका ७७ प्रतिशत र तराईका ९० प्रतिशतभन्दा बढी दलित भूमिहीन कृषकको रूपमा छन्।[२८] नेपालको तराई क्षेत्रमा हरहवा, चरहवा र विशेषगरी प्रदेश नं. ६ र ७ मा हलियाप्रथा जस्ता शोषणमुलक श्रम सम्बन्ध अझैं कायम छ। दलितले उत्पादन गरेको उपभोग्य सामाग्री छुवाछूतकै कारण बजारमा सहजरूपमा बिक्री हुन सकेका छैनन् भने सानोतिनो निर्वाहमुखी व्यापार व्यवसाय गर्नबाट पनि उनीहरू बञ्चित छन्। ऐतिहासिकरूपमा नै दलितलाई उत्पादनका साधनस्रोतबाट बञ्चित गरिनु, श्रमलाई सेवाका रूपमा लिइनु वा अनुलङ्घनीय श्रममा लगाउने र पुँजीबाट बञ्चित गर्ने राज्यको नियोजित बञ्चितीकरणका कारण दलित समुदायको आर्थिक अवस्था बिकराल बन्न पुगेको हो।

रोजगारी जीविकोपार्जनको अर्को महत्वपूर्ण माध्यम हो। तर, गरिबीकै कारण दलित समुदाय गुणस्तरीय शिक्षाबाट बञ्चित भएको छ। ६ वर्षभन्दा माथि उमेर समूहको दलित समुदायको साक्षारता ५२.४ प्रतिशत छ भने मधेसी दलितको ३४.५ प्रतिशत मात्रै छ। समग्रमा दलित महिलाको साक्षारता प्रतिशत ४५.५ प्रतिशत छ। अझ मधेसका मुसहर र डोम समुदायको साक्षरता दर करीब १७ प्रतिशत मात्रै छ।[२९] यसले दलितको शैक्षिक पहुँचमा बञ्चितीकरणको अवस्था झल्काउँछ। यसरी शिक्षाबाट बञ्चित हुनु भनेको सरकारी वा गैरसरकारी रोजगारीबाट बिमुख हुनु पनि हो। सरकारी तथ्याङ्कअनुसार निजामती सेवामा दलित समुदायको प्रतिनिधित्व करीब २ प्रतिशत हाराहारी छ। त्यसमा पनि दलित महिला, मधेसी दलित र सीमान्तीकरणमा पारिएका बादी, गन्धर्व, मुसहर, डोम आदिको प्रतिनिधित्व

२६ तीनै तहमा निर्वाचित जनप्रतिनिधिहरूको प्रतिनिधित्वको सन्दर्भमा अध्येता जेबी विश्वकर्माले तयार पारेको अप्रकाशित तथ्याङ्क।

२७ जीवनस्तर सर्वेक्षण २०६८, केन्द्रिय तथ्याँक विभाग, काठमाडौं।

२८ आहुति। २०६९। नेपालमा वर्ण व्यवस्था र वर्ग संघर्ष। सं. राजेन्द्र महर्जन। काठमाडौं, समता फाउण्डेशन।

२९ 2015. Human Rights Situation of Dalit in Nepal. submission to the United Nations Universal Periodic Review of Federal Democratic Republic of Nepal for second Cycle, Twenty Third Session of the UPR, Human Rights Council, 2-13 November 2015. Dalit Civil Society Organizations' for UPR Nepal and International Dalit Solidarity Network (ISDN)

त नगन्य मात्रामा छ। यसरी गरिबीको दुष्चक्रभित्र दलित समुदाय बाँधिइरहेको अवस्था छ।

दलित समुदायले भोग्दै आइरहेको अर्को ठूलो समस्या भनेको सामाजिक–सांस्कृतिक क्षेत्रमा हुने भेदभाव हो। प्रत्यक्ष वा आशयरूपमा गरिने छुवाछूत–भेदभावका कारण दलित समुदाय आत्मसम्मानपूर्वक बाँच्न पाइरहेका छैनन्। यस किसिमको भेदभाव तुलनात्मकरूपमा पहाडमाभन्दा तराईमा अझ बढी छ। इनार, मन्दिरदेखि चियापसलसम्म विभेद छ। अन्तरजातीय विवाह गरेका कारण कुटपिट, गाउँ निकाला र हत्या समेतका घटनाहरू भइरहेका छन्। दैनिकजसो दलित समुदाय शारीरिक र मानसिक हिंसाको सिकार भइरहेका छन्। न्यूनतम मानवअधिकारबाट समेत दलित बञ्चित हुनु परेको छ। नेपालको संविधान २०७२ ले निजी तथा सार्वजनिक कुनै पनि स्थानमा छुवाछूत भेदभाव गर्न नपाइने र यस्तो भेदभावलाई सार्वजनिक अपराध किटान गरेको छ। त्यसैगरी जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाँय) ऐन २०६८ पनि छ। तर ती कानुन कार्यान्वयन गर्ने सरकारी संयन्त्रको प्रभावकारीता कमजोर भएका कारण दलितले न्याय पाउन सकिरहेका छैनन्। वि.सं. २०६८ देखि सो ऐन कार्यान्वयनमा आएको भए पनि छुवाछूत–भेदभाव र विभेदका घटनामा खासै कमी हुन सकेको छैन। वि.सं. २०७५ सम्म आइपुग्दा विभिन्न बाहानामा १४ जना दलितको हत्या भएको छ। अधिकांश घटनाका पीडितले न्याय पाउन सकेका छैनन्।[३०] कुटपिट, अपमान, शोषण र विभेदका घटना दैनन्दिन दलितले भोगिरहन परेको छ। यस्तो विभेद र उत्पीडनको अवस्था रहँदासम्म दलितले समृद्धिको कुनै अनुभव गर्न सक्ने छैनन्।

दलित समुदाय आधारभूत स्वास्थ्य अधिकारबाट समेत बञ्चित छन्। नेपालमा अहिले ५५ प्रतिशत मानिसहरूले महङ्गीका कारण स्वास्थ्य सेवा सहजै लिन सक्दैनन्। ६०.६ प्रतिशत पहाडी दलित र ६६.१ प्रतिशत तराई दलितले स्वास्थ्य सेवाका लागि खर्च नै गर्न नसक्ने अध्ययनहरूले देखाएको छ। यति मात्रै होइन, ४३ प्रतिशत तराई दलित र १४.६ प्रतिशत पहाडका दलितले स्वास्थ्य सेवामा नै विभेद भोग्ने गरेका छन्। यसरी विभेद भोग्नेहरूमध्ये ७९ प्रतिशत पहाड र ८५ प्रतिशत तराईका दलित महिला रहेका छन्।[३१] यसरी आधारभूत अधिकारबाट समेत बञ्चित रहेका दलित समुदायका मुद्दालाई सम्बोधन नगरी समृद्धि हासिल हुन सक्दैन। त्यसैले नेपालमा समृद्धिको बहसलाई मूलतः सामाजिक न्यायको मुद्दासँग गाँस्न जरूरी छ।

नेपालमा चलिरहेको समृद्धिबारे दलित समुदायले उठाएको मुद्दा विशेषतः मानवीय विकास र सामाजिक न्यायको विषयमा केन्द्रीत छ। आधारभूतरूपमा संविधानले ग्यारेन्टी गरेका मौलिक हकको सहज उपभोग गर्न पाउने वातावरणको ग्यारेन्टी, सामाजिक न्याय र आत्मसम्मानको सुनिश्चिततासँग गाँसेर मात्रै दलित समुदायका लागि समृद्धि मापन गर्नुपर्ने हुन्छ। अर्कोतिर, अहिलेको पुँजीवादी राजनीतिक व्यवस्थाले थोरै दलितलाई आर्थिक रूपमा माथि उठाउन सके पनि बहुसंख्यक दलित गरिबीको रेखामुनी रहने अवस्था भएकाले पुरानो मोडेलबाट नभइ नयाँ वा बैकल्पिक कोणबाट सोच्नुपर्ने तर्क सशक्तरूपमा अगाडि सारिएको छ। राजनीतिक चिन्तक तथा दलित नेता आहुति लेख्छन्, 'पृथ्वी र मानव जातिलाई मृत्युको डिलमा पुऱ्याउने पुँजीवादी समृद्धि विनासकारी समृद्धि हो। यस्तो समृद्धिले मानिसबीच भाइचारा होइन, मानिसमाथि शोषण, उत्पीडन, युद्ध थोपरेको इतिहास छ, त्यसैले पुँजीवादी व्यवस्थाले निर्माण गरेको समृद्धि मानवताविरोधी हो।' त्यसैले मानवता र मानवीय विकासलाई केन्द्रमा राख्ने नयाँ मोडलको विकास ढाँचा र परिस्थितिमा पुग्ने चरित्रको समृद्धि अहिलेको आवश्यकता हो।

---

[३०] जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाँय) ऐन २०६८ लागू भएपछि मारिएका व्यक्तिहरूको नामावली निम्नानुसार छ :१. सेते दमाई (दैलेख) २. मनविरे सुनार ( कालीकोट), ३. मना सार्की (कालीकोट) ४. शिवशंकर दास (सप्तरी) ५. अजित मिजार ( काभ्रे) ६. लक्ष्मी परियार (काभ्रे) ७. राजेश नेपाली (पर्वत) ८. श्रेया सुनार (कास्की), ९. अस्मिता तोलामी सार्की (झापा), १०. संगिता परियार (तनहुं), ११. झुमा वि.क. ( ताप्लेजुँ), १२.माया वि.क. (कैलाली ), १३. दितिया (रेस्मा) रसाईली (धनुषा), १४. रूपमती कुमारी दास (मोरँ)।
स्रोत : https://kathmandupress.com/breaking/exclusive-story-on-caste-based-discrimination

[३१] Nepal Social Inclusion Survey (NSIS) 2012, Central Department of Sociology/Anthropology, Tribhuvan University, Nepal

नेपालमा राजनीतिक दल र सरकारले समृद्धिलाई राष्ट्रियरुपमै सबैभन्दा बढी प्राथमिकताको मुद्दा बनाएका छन् । नेपालको विविधता र विभेदसहितको समाजमा समृद्धि प्राप्त गर्न राज्यले स्पष्ट दृष्टिकोण र रणनीतिसहित राज्यका सबै तहमा नीति, योजना, कार्यक्रमका रूपमा लैजानु पर्ने हुन्छ, तर दलितको कोणबाट हेर्दा समृद्धिको मार्गचित्रभित्र दलित कहाँनिर पर्छ र दलितले पनि फाइदा लिनसक्ने समृद्धि प्राप्तिको रणनीति के हुन्छ भन्ने विषयमा राजनीतिक दल र सरकारले स्पष्ट दृष्टिकोण दिन सकेका छैनन् ।

## ७. दलितका लागि समृद्धि

भौतिक पूर्वाधारको विकास, गुणात्मक आर्थिक बृद्धिदर, प्रतिव्यक्ति आयमा बृद्धि, रोजगारी आदि समृद्धिका महत्वपूर्ण आधारहरू हुन् । समग्रमा देशलाई विकास र समृद्धितिर लैजानका लागि भौतिक पूर्वाधारको निर्माण र आर्थिक विकास जरूरी छन् । तर, यसरी हुने विकासले दलित समुदायको जीवनस्तरमा सकारात्मक प्रभाव कसरी पार्छ भन्ने कुरा हेरिनुपर्छ । समृद्धिले समेट्नु पर्ने एउटा महत्वपूर्ण पक्ष भनेको मानव विकास सूचकाङ्कमा वृद्धि हुनु हो । शिक्षा, स्वास्थ्य, रोजगारीमा सहज पहुँच, नीति निर्माण गर्ने तहमा अर्थपूर्ण सहभागीता, विभेद र बहिस्करणको अन्त्य र न्याय र आत्मसम्मानसहित जीवनको सुनिश्चितता दलितले खोजेको समृद्धि हो ।

समृद्धि र विकासको कार्यक्रमलाई जनताको अवश्यकतासँग गाँस्नुपर्छ । राज्यको शासन–प्रशासन, सत्ता, शक्ति र सम्पत्तिमाथि निरन्तर हालिमुहाली गरिरहेको समुदाय र जीवनका आधारभूत आवश्यकताबाट बञ्चित र आत्मसम्मानका लागि संघर्ष गरिरहेको दलित समुदायको आवश्यकता फरक–फरक छन् । दलित समुदायको आवश्यकतालाई सम्बोधन गर्ने सामाजिक न्यायसहितको आर्थिक–राजनीतिक कार्यक्रमले मात्रै समृद्धि ल्याउन सक्छ । भौतिक पूर्वाधारको विकास र आर्थिक सूचकाङ्कमार्फत हासिल गर्ने समृद्धिले मात्रै दलितको जीवनमा परिवर्तन ल्याउन सक्ने देखिँदैन । त्यसैले अहिलेसम्म आधारभूत अधिकारबाट बञ्चित पारिएका, सत्ता, शक्ति र स्रोत साधनबाट बञ्चितीकरणमा पारिएका दलित समुदायका लागि कम्तीमा शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिक सहभागीताका साथै विभेदबाट मुक्त पार्ने कार्यक्रमले मात्रै दलितको जीवनमा पनि समृद्धिले छुन सक्छ र समृद्धिको राष्ट्रिय नारा सार्थक हुनसक्छ । डिग्नीटी इनिसियटिभले सातैओटा प्रदेश र काठमाडौंमा दलित समुदायका सरोकारवालासँगको छलफलका आधारमा विश्लेषण गर्दा न्यूनतम सामाजिक न्यायको सुनिश्चिता, शक्तिसम्बन्धमा फेरबदल ल्याउन सक्ने स्तरमा समावेशीकरण अर्थात ऐतिहासिक विभेदको क्षतिपूर्ति सहित समानुपातिकमा थप प्रतिनिधित्व, विकासमा दलितको हिस्सेदारी, आर्थिक विकासमा दलितको सहभागीता, न्यायको सुनिश्चितता र आत्मसम्मानपूर्ण जीवनको सुनिश्चितता भएमा मात्रै दलितले समृद्धिको अनुभव गर्न सक्छन् । यी सवालबारे तल चर्चा गरिएको छ ।

### ७.१ संरचनागत विभेदको अन्त्य

प्रख्यात लेखक युभल नैह हरारीले समकालीन विश्वका अधिकांश अन्याय व्यक्तिगत पूर्वाग्रहले भन्दा पनि संरचनागत विभेद वा पक्षपातका कारण भइरहेको तर्क गरेका छन् ।[३२] त्यसैले मानव समाजको आदर्शको रूपमा रहेको समानता स्थापित गर्ने संवैधानिक र कानुनी व्यवस्था र ती व्यवस्थालाई कडाईका साथ लागू गर्ने राज्यसंरचना आवश्यक हुन्छ । दलित समुदायमाथि राज्यव्यवस्थाले नियोजितरूपमा कानुनै बनाएर बहिस्करण र विभेद लादेको कारण संवैधानिकरूपमा नै समाधान खोजिनुपर्छ भनेर दलितले लामो समयदेखि संघर्ष गर्दै आइरहेका छन् । वि.सं. २००३ सालबाट सुरू दलित आन्दोलनको एउटा माग संवैधानिक, कानुनी र व्यवहारिकरूपमा कुनै पनि किसिमको विभेद, बहिस्करण, अन्याय, अत्याचार र अपमानबाट मुक्ति होस् भन्ने हो । राजनीतिक व्यवस्था परिवर्तनसँगै अधिकार प्राप्ति हुन्छ भन्ने विश्वासका साथ दलितले जहानीय राणशासन

[३२] Harari, Yuval Noah (2018). 21 Lessons for the 21st†Century. Spiegel & Grau, US, and Jonathan Cape, UK.

अन्त्यका लागि होस् वा निरङ्कुश पञ्चायती व्यवस्था अन्त्य गर्न या दशवर्षे माओवादी जनयुद्ध होस् वा २०६२/०६३ को जनआन्दोलन, सबै आन्दोलन र संघर्षमा दलितले उच्चस्तरको योगदान र बलिदानी गरेका छन् । निरन्तर आन्दोलनकै कारण दलित मुद्दा राजनीतिक र संवैधानिक मुद्दाकारूपमा स्थापित भएको छ ।

राज्यले नियोजितरूपमा संविधान, ऐन र कानुन बनाएर विभेद गरेका कारण संवैधानिकरुपमै ऐतिहासिक विभेदको क्षतिपूर्ति पाउने गरी संवैधानिक र कानुनी अधिकारको सुनिश्चितता हुनुपर्छ भन्ने माग दलित आन्दोलनले उठाउँदै आएको छ । संविधानसभाबाट वि.सं. २०७२ मा जारी भएको नयाँ संविधानको प्रस्तावनामा नै छुवाछूत–भेदभावलाई अस्वीकार गरिएको छ । संविधानको मौलिक हकअन्तर्गत धारा २४ मा 'छुवाछूत तथा भेदभाव विरुद्धको हक'को व्यवस्था गरिएको छ । कुनै पनि व्यक्तिलाई कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गर्न नपाइने, यस्ता भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराध भएकोले भेदभाव गर्ने व्यक्ति कानुनबमोजिम दण्डीत हुने र पीडितले क्षतिपूर्ति पाउने व्यवस्था उक्त धारामा छ । त्यसैगरी धारा ४० मा दलितको हकको व्यवस्था छ । यस धाराले दलितले राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी गराउने कुरा सुनिश्चि गरेको छ । यस धाराले दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिने र प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि विशेष व्यवस्था गरिने, भूमिहीन दलितलाई एक पटक जमीन उपलब्ध गराउने, आवासबिहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्ने व्यवस्था गरेको छ । त्यसैगरी धारा ४२ मा उल्लेख सामाजिक न्यायको हकले पनि सामाजिकरूपले पछाडि पारिएका महिला, दलित, आदिवासी, आदिको समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हकको ग्यारेन्टी गरेको छ ।[३३]

यद्यपि, नयाँ संविधानले दलित समुदायका मागहरूलाई पूर्णरूपमा सम्बोधन गर्न सकेको छैन । दलित आन्दोलनले दलितमाथि भएको ऐतिहासिक विभेदको क्षतिपूर्तिस्वरूप संघ, प्रदेश र स्थानीय तहमा समानुपातिकमा थप १० प्रतिशत हुनुपर्ने माग गरेको थियो ।[३४] तर, संविधानले समानुपातिक समावेशी प्रतिनिधित्वको व्यवस्था गरेको भएपनि निर्वाचन प्रणालीले परिणामै दलितको अनिवार्य समानुपातिक प्रतिनिधित्व हुनसक्ने व्यवस्था गर्न सकेको छैन । त्यसैगरी सबै तहका कार्यपालिकामा दलितको अनिवार्य समानुपातिक प्रतिनिधित्व हुनुपर्ने व्यवस्थालाई संविधानले व्यवस्थित गर्न सकेको छैन । यतिमात्रै होइन संवैधानिक निकाय, निजामती सेवा, सेना, प्रहरी, अदालत वा न्याययिक निकायमा दलितको समानुपातिक प्रतिनिधित्व अनिवार्य हुने व्यवस्था संविधानले गर्न सकेको छैन । यसैगरी जातीय विभेदसम्बन्धी मुद्दा 'फास्ट ट्र्याक'बाट हेर्ने वा छुट्टै इजलासको व्यवस्था गर्ने, नेपाल प्रहरीमा महिला सेलजस्तै जातीय विभेद हेर्ने छुट्टै सेल गठन गर्ने जस्ता संवैधानिक र कानुनी व्यवस्था हुन सकको छैन ।

राजनीतिक व्यवस्थालाई सञ्चालन गर्ने संविधानमा नै दलित अधिकार सुनिश्चित नहुँदासम्म दलितले अधिकार दाबी गर्नसक्ने अवस्था हुँदैन । त्यसैले नयाँ संविधानले व्यवस्था गरेका अधिकारको व्यवहारिक कार्यान्वयन र मागअनुरूप संवैधानिक व्यवस्थाबिना दलितले समृद्ध जीवन बाँच्न पाउने अवस्था बन्दैन । त्यसैले दलित समुदायका लागि संवैधानिक अधिकारको सुनिश्चितता र त्यसको प्रभावकारी कार्यान्वयन दलितले खोजेको समृद्धिको पहिलो आधार हो ।

## ७.२ सामाजिक न्यायको सुनिश्चिता

सामाजिक न्यायको अवधारणाले समाजको शक्ति संरचना समता र न्यायमा आधारित छ कि छैन भनेर हेर्ने गर्छ । यस अवधारणाले समाजका सबै नागरिकलाई उनीहरूको विकासका लागि समानताका आधारमा अवसर

[३३] नेपालको संविधान २०७२ । संविधानसभा सचिवालय । काठमाडौं, सिंहदरबार ।
[३४] विभिन्न राजनीतिक दलसँग आबद्ध दलित भातृसंगठनले गठन गरेको संयुक्त राजनीतिक दलित संघर्ष समितिले यो माग निरन्तररूपमा उठाउँदै आएको थियो ।

उपलब्ध हुनुपर्छ भन्ने मान्यता राख्दछ । डा. भीमराव अम्बेडकरले न्याय नैतिक मूल्य र आत्मसम्मानमा आधारित हुने विश्लेषण गरेका छन् जुन सामाजिक, राजनीतिक र आर्थिक न्याय प्राप्तिसँग सम्बन्धित छ । उनका अनुसार स्वतन्त्रता, समानता र भातृत्वको संयोजन लोकतन्त्र हो ।[३५] सामाजिक न्यायको बृहत आयाम छन् । लोकतन्त्रको आधारभूत गुण नै सामाजिक न्याय हो । भारतीय अर्थशास्त्री अमर्त्य सेनले जीवन बाँच्नका लागि मानिसलाई आवश्यक पर्ने स्वतन्त्रता र त्यसको उपभोग गर्नसक्ने क्षमता, स्रोतमाथिको पहुँच, खुशी, समानता, स्वतन्त्रता र आत्मसम्मानयुक्त जीवनलाई सामाजिक न्यायका आधार मानेका छन् ।[३६] नेपालका दलित समुदायले पनि आधारभूतरूपमा स्वतन्त्रता, समानता र आत्मसम्मानपूर्वक बाँच्ने राजनीतिक व्यवस्था नबन्दासम्म दलितले सामाजिक न्यायको अनुभूति गर्न सक्ने अवस्था बन्दैन ।

नेपालको संविधान २०७२ को मौलिक हकअन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, छुवाछूत तथा भेदभावविरुद्धको हक, शोषणविरुद्धको हकदेखि दलितका लागि छात्रवृत्तिसहितको निःशुल्क शिक्षा पाउने हक, महिलाको हक, सामाजिक न्यायको हक आदिलाई मौलिक हकमा समावेश गरेको छ । एक हदसम्म मौलिक हकमा व्यवस्था गरिएका व्यवस्थाको व्यवहारिक कार्यान्वयन दलित समुदायको सामाजिक न्याय स्थापित हुन सक्छ । नेपालमा दलितले शिक्षा, स्वास्थ्य, रोजगारीमा पहुँच, विभेद र बहिस्करण भोगिरहेका छन् । मानवीय विकासका लागि शिक्षाको महत्वपूर्ण स्थान हुन्छ, तर नेपालका अधिकांश शिक्षित समुदाय नै जातीय विभेद र छुवाछूत–भेदभावजन्य व्यवहार गरिरहेका छन् । विद्यालयमा शिक्षकबाटै दलित बालबालिका विभेदमा परेका घटना बेलाबखत सार्वजनिक भइरहेका छन् । यसका साथै ज्ञान उत्पादन गर्ने थलो विश्वविद्यालयमा समेत दलित विषयवस्तुको प्रवेश प्रभावकारीरूपमा हुन सकेको छैन । नेपालको शिक्षा प्रणालीले विभेदसहितको जातव्यवस्थालाई अन्त्य गर्नुभन्दा ठूलो संख्यामा विभेदको संरक्षणकर्ता नै जन्माइरहेका छन्, जुन सामाजिक रूपान्तरण र न्यायका लागि निकै घातक छ ।

राज्यबाट समानरूपमा स्वास्थउपचार पाउनु नागरिकको अधिकार हो । तर, नेपालका औषत ६८.५ प्रतिशत महिलाले सामान्य पोषण पाएका छन् । पहाडका ६९.५ र तराईका ५१.१ प्रतिशतले मात्रै सामान्य पोषण पाएको देखिन्छ । नेपालको औषत बालमृत्युदर हजारमा ५४ छ तर दलितसमुदायको ७७ जना छ । त्यसैगरी औषत मातृमृत्युदर ४६ छ तर दलितको ६७ छ । ३३.९ प्रतिशत पहाडी दलित र ३६.३ प्रतिशत मधेसी दलित बालबाबलिका कुपोषणका कारण कम तौलका छन् । पहाडका ६०.५ प्रतिशत र मधेसी दलित ६६.१ प्रतिशत आफ्नै आम्दानीबाट उपचार गराउने सामर्थ्य राख्दैनन् ।[३७]

राज्यबाट प्राप्त हुने अवसर र सुविधामा सबै समुदायले समान अधिकार पाउनुपर्छ भन्ने कुरा आधारभूत लोकतन्त्रको मान्यता हो । तर, निजामती सेवा, प्रहरी प्रशासन, नेपाली सेनालगायतका क्षेत्रमा दलितको प्रतिनिधित्व अत्यन्तै कमजोर छ भने निर्णायक तहमा नगन्य मात्रामा छ । यसरी आधारभूत अवसरबाट बञ्चित हुने वा बहिस्करणमा परिरहने, छुवाछूत–भेदभावबाट पीडित भइरहनु पर्ने र न्याय नपाउने वातावरणको अन्त्य नभएसम्म दलित समुदायको सामाजिक न्यायको सुनिश्चितता हुन सक्दैन । सामाजिक न्याय स्थापित नहुँदासम्म दलितका लागि समृद्धि प्राप्त हुन सक्दैन ।

## ७.३ समानुपातिक समावेशीकरणको ग्यारेन्टी

राज्य असफल हुनुको एउटा महत्वपूर्ण कारण असमावेशी राज्यसंरचना र कुलीन वा प्रभुत्वशाली वर्गको मात्रै हितरक्षा गर्ने राज्यको अर्थ–राजनीतिक संरचना हो ।

[३५] Ranjutkumar, A. 2011. Ambedke's Notion of Social Justice: A Different Prespective. *International Journal of Scientific & Engineering Research*, Volume 2, Issue 12, December-2011

[३६] Sen, Amartya. 2009. *The Idea of Justice.* The Belknap Press of Harvard University Press,Cambridge, Massachusetts

[३७] सामाजिक समावेशीकरण सर्वेक्षण । सन् २०१३ । समाजशास्त्र मानवशास्त्र कन्द्रीय विभाग, काठमाडौं ।

यस किसिमको अर्थ–राजनीतिक संरचनाको रूपान्तरण नगरेसम्म राज्य असफल हुने कुरा डारोन एसेमोग्लु र जेम्स ए रबिन्सनले 'ह्वाई नेसन्स फेल' पुस्तकमा पनि चर्चा गरेका छन् । उनीहरूको विश्लेषणअनुसार राज्य समृद्ध हुन त्यसका अँग समावेशी हुनुपर्छ । तर, बहुसंख्यक जनतामाथि शासन गर्दै आइरहेको कुलीन वर्ग आफ्नो परम्परागत प्रभाव गुम्ने डरका कारण राज्यलाई समावेशी बन्न दिन तयार छैन ।[३८] अर्थात समग्र देशको सफलता वा समृद्धिका लागि कुलीन र प्रभुत्वशाली वर्ग बाधकको रूपमा रहिआएको छ । नेपालको सन्दर्भमा पनि लामो समयदेखि एउटै जाति र समुदायले राज्यसत्ता, शक्ति र स्रोतमाथि एकाधिकार जमाउँदै आइरहेको छ, जुन समावेशी विकास र समृद्धिका बाधक छ ।

संवैधानिक र राजनीतिकरूपमा समानुपातिक समावेशी सिद्धान्तलाई स्वीकार गरे पनि व्यवहारमा नेपालको नीति निर्माण र कार्यान्वयन प्रक्रियाले बहिस्करणलाई नै निरन्तरता दिइरहेको छ । राज्यको नीति-निर्माण गर्ने तहमा दलित समुदायको एउटा सानो हिस्सा मात्रै पुग्न त सफल भएको छ तर हस्तक्षेप नै गर्ने स्तरमा उनीहरूको प्रतिनिधित्व छैन । चाहे त्यो संघीय संसद वा सरकार होस् वा प्रादेशिक र स्थानीय सरकार, सबैतिर दलित समुदायको उपस्थिति कमजोर छ । यो उपस्थितिले असमान शक्तिसम्बन्धलाई सहजै फेर्न सक्ने अवस्था छैन । अझ दलित समुदायलाई नीति–निर्माण प्रक्रियाबाट नियोजित रूपमै पाखा लगाउने वा बेवास्ता गर्ने गरिएको पाइन्छ । सत्ता, शक्ति र सम्पत्तिमाथि एकाधिकार स्थापित गरिरहेको निश्चित जाति वा समुदायको नीति निर्माण र कार्यान्वयन प्रक्रियामा बर्चश्व रहेसम्म दलितका लागि आवश्यक नीति, नियम र कार्यक्रम बन्ने सम्भावना अत्यन्तै कम हुन्छ ।

खेलको नियम बनाउने र खेल खेलाउने स्थानमा दलितको भूमिका कमजोर हुनु भनेको दलित समुदाय पूनः बहिस्करण र विभेदकै अवस्थामा रहनु हो । सामाजिक न्यायको सिद्धान्तले असमानहरूबीच असमान अधिकार र अवसर प्रदान गर्नुपर्ने कुराको वकालत गर्छ । यसको अर्थ कमजोर र बलिया दुवैलाई बराबर अधिकार दिइयो भने त्यसले पूनः विभेदलाई नै निरन्तरता दिन्छ । त्यसैले सामाजिक न्याय स्थापित गर्ने हो भने ऐतिहासिकरूपमा विभेद र बहिस्करणमा पारिएका दलितलाई थप अधिकार दिइनुपर्छ । जुन कुरा राज्यको नीति, नियम र कार्यक्रममार्फत कार्यान्वयन गरिनुपर्छ । दलित समुदायमाथि ऐतिहासिकरूपमा भएको विभेदको अन्त्य गरी समतामुलक समाज निर्माणका लागि क्षतिपूर्तिस्वरूप थप अधिकारको सुनिश्चिता गरिनुपर्छ । जबसम्म दलित समुदाय आफैंले आफ्नो समुदायको आवश्यकता र चाहनालाई सम्बोधन गर्ने गरी नीति, नियम निर्माण गर्ने र कार्यान्वयन गर्ने अवस्था बन्दैन, तबसम्म दलितको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ । निरन्तर बहिस्करणले दलित समुदाय समृद्धिको यात्राबाटै बाहिरिने निश्चित छ ।

## ७.४ साधन-स्रोतमाथि समान पहुँच

नेपालमा भूमिलाई जीविकोपार्जनको मुख्य स्रोतको रूपमा लिइन्छ । तर, राज्यको विभेदकारी नीतिका कारण दलित समुदाय भूमिबाट बञ्चित छन् । अधिकांश दलितसँग जीविकोपार्जन गर्न पुग्ने जमिनमाथि स्वामित्व छैन भने भूमिहीनताकै कारण उनीहरू अर्काको जमिनमा हलिया, हरहवा, चरहवाजस्तो शोषणमुलक श्रमसम्बन्धमा बाँधिएका छन् । विशेषगरी सदुरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा दलित समुदाय अहिले पनि हलियाका रूपमा काम गर्न बाध्य छन् । त्यसैगरी प्रदेश नं. २ र ५ का दलितहरू भूमिहीनताका कारण हरहवा चरहवाका रूपमा काम गर्न बाध्य छन् । बालीघरे, खलोलगायतका शोषणमुलक श्रमव्यवस्था अझैं पनि पूर्णरूपमा समाप्त भइसकेको छैन । भूमिहीनताकै कारण ठूलो संख्यामा बादी समुदाय खोलाको किनार र जोखिमपूर्ण भौगोलिक क्षेत्रमा बस्न विवश छन् । बहुसंख्यक दलित समुदायसँग उत्पादन गरी खान पुग्ने जमिन छैन ।

[३८] Acemoglu, Daron and James A. Robinson. 2013. Why Nations Fail. London, Profile Books, Ltd.

संविधानको धारा ४० ले एकपटकका लागि भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराउने र आवासबिहीनलाई आवासको व्यवस्था गर्ने उल्लेख गरिएको छ । दलितलाई उत्पादन गरी खान पुग्ने जमिन उपलब्ध नगराएसम्म उनीहरूले स्वतन्त्रताको अधिकार समेत उपभोग गर्ने वातारण बन्दैन । तर, संशोधित भूमिसुधारसम्बन्धी ऐनले केबल दलितलाई घर बनाउन पुग्ने जमिनको मात्रै व्यवस्था गरेको छ, जसले दलित समुदायको भूमि समस्या हल गर्न सक्दैन ।[३९] त्यसैगरी प्राकृत्तिक स्रोत वनजंगल र जलस्रोतमाथि पनि दलितको उचित पहुँच स्थापित गराइनुपर्छ। प्राकृत्तिक साधनस्रोत र राज्यको स्रोतमाथि न्यायोचित पहुँच स्थापित नहुँदासम्म दलित विभेदमै परिरहने अवस्था हुने भएकोले उनीहरूको जीवनसँग अभिन्न रूपले गासिएका ती स्रोतमाथिको पहुँच स्थापित गर्ने कुरा उनीहरूको समृद्ध जीवनसँग गाँसिएको कुरालाई बिर्सनु हुँदैन ।

## ७.५ समान अवसरको सुनिश्चितता

राज्यले नागरिकका लागि विभिन्न किसिमका अवसरहरूको सिर्जना गरिरहेको हुन्छ । मूलतः राज्य सञ्चालनका लागि सार्वजिनक, निजामती, प्रशासन, सेना, प्रहरी, शिक्षक, प्राविधिक आदि नियुक्त गर्ने गर्दछ। नेपालको सार्वजनिक सेवामा हेर्ने हो भने करीब २ प्रतिशत मात्रै दलितको उपस्थिति छ। स्थायी सत्ता मानिने सार्वजनिक सेवामा रहेको यो न्यून प्रतिनिधित्वलाई बढाएर कम्तीमा जनसंख्याको अनुपातमा पुऱ्याउनु पर्छ। यति मात्रै होइन, नीति निर्माण गर्ने निर्णायक भूमिकामा पनि उनीहरुको समानुपातिक समावेशीकरण सुनिश्चित गर्ने नीतिगत व्यवस्था र कार्यक्रम आवश्यक हुन्छ। यसका लागि राज्यले विशेष कार्ययोजना नै बनाउन जरुरी छ, यदि त्यस्तो व्यवस्था भएन भने राज्यसंरचनामा पुनः निश्चित जातिकै दबदबा र एकाधिकार रहन्छ। यस्तो शासनव्यवस्थाले सबै जातजातिलाई अवसरको समान वितरण गर्न सक्दैन ।

विशेषगरी राज्यका मुख्य अवसरहरु जस्तै : राज्यका मुख्य नीति निर्माण गर्ने थलोमा अथपूर्ण सहभागीता, सरकार र अन्य प्रभावकारी संयन्त्रमा हुने नियुक्ति, सार्वजनिक सेवा, सेना, प्रहरी, शिक्षक, स्वास्थ्य सेवा आदि क्षेत्रमा दलितको प्रतिनिधित्व अत्यन्तै कम छ। राज्यको कानुन कार्यान्वयन गर्ने ती निकायहरूमा कम्तीमा दलित समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चित नभइकन दलित अधिकार स्थापित गर्ने वा भएका संवैधानिक र कानुनी अधिकारको सहज उपभोग गर्नसक्ने अवस्था बन्दैन । त्यसैगरी नेपालको न्यायनिरूपण गर्ने न्यायिक क्षेत्रमा दलितको प्रतिनिधित्व नगन्य मात्रामा छ। एकल जाति समूहको वर्चश्व रहेको न्यायिक क्षेत्र पुनर्संरचना गरी दलितको कम्तीमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित नगर्ने हो भने दलितले न्याय पाउन सक्ने वातावरण नै बन्न सक्दैन। त्यसैले न्यायक्षेत्रमा दलितको प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था समृद्धिको अर्को महत्वपूर्ण पक्ष हो ।

नेपालको शिक्षा प्रणाली रूपान्तरण गरी न्याय र समता प्रबर्द्धन गरिनुपर्छ र विद्यालयमा हुने भेदभावको पूर्ण अन्त्य गरिनुपर्छ। पाठ्यक्रममा परिमार्जन गर्नुका साथै शिक्षालय व्यवस्थापन र शिक्षक नियुक्तिजस्ता अवसरमा दलितको समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था सुनिश्चित गरिनुपर्छ। यसरी सेवा प्रदायक संयन्त्रमा दलितको अनिवार्य प्रतिनिधित्व गराइने व्यवस्थाले मात्रै दलितले न्याय पाउन सक्छन् । यसैगरी राज्यले गरिबी निवारण, युवा स्वरोजगार आदि कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। दलितले आफ्नो जनसंख्याको अनुपातमा यस्ता अवसरहरूको उपभोग गर्न पाउने व्यवस्था सुनिश्चित गरिनुपर्छ। यी मुद्दालाई हल गर्ने स्पष्ट विधि र कार्यक्रमबिना दलितले समृद्धि प्राप्त गर्न सक्दैनन् ।

## ७.६ विकासका कार्यक्रममा दलितको हिस्सेदारी

समृद्धिसँगै सरकारको अर्को महत्वपूर्ण प्राथमिकताको क्षेत्र विकास हो । तीनै तहका सरकारले विकासलाई नै प्राथमिक कार्यसूची बनाएका छन् । भौतिक पूर्वाधारको विकास गर्ने कुरा सकारात्मक नै हो। विकास मूलभूतरूपमा मानवीय जीवनको आवश्यकतासँग जोडेर गरिनुपर्छ ।

[३९] विश्वकर्मा, जेबी । २०७५ । दलितको भूमिअधिकारमाथि राजनीति । नयाँ पत्रिका दैनिक, माघ १७ । https://www.nayapatrikadaily.com/news-details/4780/2019-01-31)

मानवीय चेतनाको विकास, गुणस्तरीय शिक्षा, स्वास्थ्य र आधारभूत आवश्यकतालाई सम्बोधन गर्ने विकासको दिशातिर अहिलेको बहस जान सकेको छैन। यसका साथै नेपालले उत्पादकत्व वृद्धि गर्ने, श्रमशक्तिको अधिक्तम उपयोग गर्ने र कूल ग्राहस्थ वृद्धि गर्ने र नेपालको सामाजिक विविधतालाई ध्यान दिएर समावेशी विकास प्रक्रियाको थालनी गर्ने कुरालाई राज्यले सोचेको समेत देखिँदैन। समावेशी दीगो विकास र प्राप्त प्रतिफलको समन्यायिक वितरणका सन्दर्भमा कुनै पनि तहका सरकारको ध्यान गएको छैन। दलित समुदाले त्यसको अर्कोतर्फ जे जति विकासका क्रियाकलाप भइरहेका छन् प्रतिफल उपभोग गर्न पाइरहेका छैनन्। नेपालको विकासका गतिविधिबाट दलित परम्परागत पेशाबाट बिस्थापित हुनु परेको छ। आधुनिकीकरणसँगै कतिपय दलितको पेशा खोसिएको छ भने उनीहरूको आर्थिक जीवन धरासायी बन्दै गइरहेको छ। पररम्परागत पेशा व्यवसायलाई आधुनिकीकरण, व्यवसायिकरण गर्ने र दलितसँग भएका सीप र क्षमतालाई विकासका काममा लगाउने राज्यको कुनै नीति छैन।

सरकारले पूर्व–पश्चिम रेलमार्ग, स्मार्ट सीटी बनाउनेदेखि मोनोरेल, पानीजहाज सञ्चालन गर्ने र ठूला–ठूला विद्युत उत्पादन र सिंचाई आदि परियोजना सञ्चलन गर्ने घोषणा गरेको छ। भौतिक पूर्वाधारसँग सम्बन्धित विकास परियोजनाले मूलतः ठूला लगानीकर्ता, उद्योगी, व्यापारीदेखि विचौलिया आदिले प्रत्यक्ष लाभ लिन्छन्। तर, राज्यको लगानीमा सञ्चालित ठूला परियोजनाबाट देशका सीमान्तीकृत समदायले कसरी लाभ लिन सक्छन् भन्ने प्रश्नबारे खासै बहस भएको छैन। नागरिकको करबाट सञ्चालित ठूला विकास परियाजनाबाट प्राप्त लाभांश दलितसमक्ष पुग्नुपर्छ। राज्यले कुनै पनि परियोजना सञ्चालन गर्दा तिनले दलितका मुद्दालाई सम्बोधन गर्न सघाउँछ कि सघाउँदैन ? ती विकासका कामले दलितलाई फाइदा पुऱ्याउँछ कि घाटा ? परियोजनाबाट प्राप्त प्रतिफलको समन्यायिक वितरण गर्दा सबैभन्दा प्राथमिकतामा दलितलाई राख्नुपर्छ भन्ने नीति राज्यसँग हुने हो भने विकासका कामबाट दलितले फाइदा लिन सक्छन्।

## ७.७ आर्थिक बृद्धिमा दलित सहभागीता

नेपालमा चलेको अहिलेको बहसको केन्द्रविन्दूमा देशको आर्थिक विकासको कुरा छ। देशको कूल ग्राहस्थ उत्पदनमा वृद्धि, प्रतिव्यक्ति आयमा वृद्धि, गरिबी निवारणजस्ता आर्थिक कार्यक्रमलाई समृद्धिको सूचकका रूपमा हेर्ने गरिन्छ। नेपालमा औषत गरिबीको रेखामुनी रहनेको संख्या २५.१६ प्रतिशत हुँदा ४२ प्रतिशत दलित गरिबीको रेखामुनी छन्। गरिबीको अन्त्य गरी आर्थिक विकास गर्दा दलित प्राथमिकतामा परेनन् भने समग्रमा गरिबी घट्ने तर दलित गरिबीको रेखामुनीनै रहने अवस्था आउन सक्छ। त्यसैले दलित समुदायले गर्दै आएको शोषणमुलक श्रमसम्बन्ध जस्तै बालीघरे, हलिया, हरहवा चरुवालगायत सबै सामन्ती प्रथाहरुको कानुनै बनाएर अन्त्य गर्नुपर्छ। यसैगरी दलितको सीप विकास गरी राज्यलेनै लगानी गरी उद्योगधन्दा सञ्चालन गर्ने नीति र राज्यको कार्यक्रम आवश्यक छ। यसका साथै कुनै दलितले उद्योग खोल्छ भने उसको गरिबी हेरेर बिनाधितो ऋण प्रदान गर्ने, राज्यले अनुदान दिने, निश्चित समयसम्म कर नलिने जस्ता कार्यक्रम राज्यले गर्न सक्छ। दलित सुमदयाको पेशाजन्य सीप प्रबर्धन गर्ने राज्यले नीति र कार्यक्रम नै बनाउने, संघ केन्द्र, प्रदेशमा, स्थानीय निकायमा साना तथा घरेलु उद्योग सञ्चालन गर्न दलितलाई प्रोत्साहन गर्ने जस्ता नीति र कार्यक्रम राज्यले तय गर्ने हो भने दलितको आर्थिक जीवनमा परिवर्तन आउन सक्छ।

अर्थतन्त्रको बृद्धिका लागि श्रम र पुँजीको परिचालनबारे त्यति बहस भने खासै भइरहेको छैन। यद्यपि, राष्ट्रिय गौरवका ठूला आयोजनाहरू सञ्चालन गर्ने, रडक र रेल सञ्जालको विकास गर्ने, कृषि, पर्यटन, जलविद्युतलगायका क्षेत्रमार्फत देशको आर्थिक अवस्था बलियो बनाउने राज्यको नीति देखिन्छ। सरकारका तर्फबाट राष्ट्रपतिले संसदमा पेश गरेको वि.सं. २०७५/७६ सरकारको नीति तथा कार्यक्रमले पनि प्रतिव्यक्ति आयमा बृद्धि गरी सबैको जीवनस्तर उठाउने भन्ने लक्ष्य राज्यले राखेको छ। तर, नेपालको आर्थिक विकास र वितरण प्रणालीलाई हेर्ने हो भने असमान आर्थिक वितरण प्रणालीलाई कै कारण सत्ता

र शक्तिमा रहेकाहरूको आर्थिक आँकडा सँधै उकालो लागिरहने र सीमान्तीकृत र गरिबीको रेखामुनी रहेका दलित लगायत समुदायको जीवन झन कष्टकर हुँदै गइरहेको देखिन्छ ।

मानौं, देशले आर्थिक वृद्धिदर बढायो नै भने पनि त्यसको फाइदा सबैभन्दा बढी हुनेखाने र टाठाबाठाले नै लिने अवस्था देखिन्छ । नेपाल सामन्तवादी उत्पादन प्रणालीबाट पुँजीवादतिर उन्मुख हुँदै गएको छ । तर, यसबाट अधिक्तम लाभ पुँजीपतिहरूले नै लिने पक्का छ । गरिबीको रेखामुनी रहेका दलितलगायत समुदायले न त पुँजी परिचालन गरेर आफ्नो आर्थिक हैसियत माथि उठाउन सक्ने अवस्था छ न त राज्यले उनीहरूसँग भएको सीप, कला र श्रमको उचित प्रयोग गर्ने कुनै नीति लिएको छ । यसले दलित समुदाय आर्थिक लगानी, श्रम बजार सबैतिरबाट दलित समुदाय उपेक्षित हुने अवस्था निर्माण हुने सम्भावना देखाउँछ । त्यसैले समानतामुलक आर्थिक विकासको नीति र न्यायोचित वितरण प्रणालीको विकास नगर्ने हो भने मुलुकले आर्थिक बृद्धि हासिल गर्ने, प्रतिव्यक्ति आय पनि बढ्ने तर दलितहरू झन–झन गरिब हुँदै जाने खतरा आउनसक्छ । त्यसैले यसबाट मुक्त हुने किसिमको आर्थिक प्रणालीले मात्रै दलित समुदायका लागि समृद्धिको आभाष गराउन सक्छ ।

## ७.८ दण्डहीनताको अन्त्य

नेपालको न्याय प्रणाली दलित र सीमान्तीकृत समुदायको पक्षमा छैन । न्यायलयको संरचनामा खसआर्यको अधीक वर्चश्व रहेको छ । सन् २०१७ को एक तथ्याङ्कअनुसार जिल्ला न्यायधीशका रूपमा ७१ प्रतिशत ब्राम्हण र १५ प्रतिशत क्षेत्री गरी ८६ प्रतिशत खसआर्यकै प्रतिनिधित्व छ ।[४०] पुनरावेदन अदालत, सर्वोच्च अदालतदेखि स्थानीय सरकारअन्तर्गत रहेको न्यायियक समितिमा पनि दलितको प्रतिनिधित्व निकै कमजोर छ । यतिमात्रै होइन, न्यायधीश वा कानुन कार्यान्वनगर्ने निकायका प्रतिनिधिको दलितप्रति हेर्ने विभेकारी दृष्टिकोण, संवेदनशीलताको कमी र जवाफदेहीतामा कमीका कारण पनि दलितले सहजै न्याय पाउन सक्दैनन् । दलितमाथि भएको विभेदजन्य अपराधलाई सामान्यीकरण गर्ने, कानुन कार्यान्वयन गर्ने निकायले महत्व नदिने आदि कारण दलितले विभेदका घटनामा न्याय पाउन सकेका छैनन् ।

दलित समुदाय सामाजिक-सांस्कृतिक रूपमा छुवाछूत-भेदभावजस्तो सामाजिक अपराधको शिकार भइरहनु परेको छ । जातकै आधारमा सामाजिक हैसियत प्रदान गर्ने नेपाली समाजमा दलितहरू प्रत्येक पाइलामा अपमानपूर्ण जीवन बाँच्न विवश छन् । करीब ७० वर्षभन्दा लामो संघर्षपश्चात थोरै उपलब्धी हासिल भएका छन् । तर, दलितले अहिले न्याय र समानताको अनुभूति नै गर्न पाइरहेका छैनन् । विभेदकारी सामाजिक–राजनीतिक संरचना र विभेदकारी सांस्कृतिक मान्यतामा खासै फेरबदल आएको छैन । जबसम्म दलितले न्यायको अनुभूति गर्न पाउँदैन, सामाजिक जीवनमा अपमानित भइरहनुपर्छ तबसम्म देशमा हुने विकास र समृद्धि दलितका लागि केबल नारा मात्रै हुनेछ ।

## ७.९ आत्मसम्मानपूर्ण जीवनको सुनिश्चितता

कुनै पनि जातजाति, लिङ्ग, भाषा, धर्म, संस्कृति आदिका आधारमा कसैलाई अपमान र विभेद गर्नु मानवअधिकारको हनन् हो । लोकतान्त्रिक राज्यमा सबै नागरिकले समान हैसियत, सम्मान र मर्यादासहित बाँच्न पाउनुपर्छ, वास्तवमा त्यस्तो राज्य मात्र लोकतान्त्रिक राज्य हुन्छ । तर, नेपालमा दलितले ऐतिहासिकरूपमा राजनीतिक बहिस्करण, आर्थिक शोषणका साथै छुवाछूत–भेदभाव जस्तो मानवताविरोधी अपराधको समेत सामना गरिरहनु परेको छ । दलितले भोगिरहेका सबै किसिमका विभेद र उत्पीडनको अन्त्य नभइकन न त राज्य लोकतान्त्रिक हुन सक्छ न त समाज नै । त्यसैले सबैले आत्मसम्मानपूर्वक बाँच्न पाउने राजनीतिक व्यवस्था दलित आन्दोलनले उठाउँदै आएको एजेण्डा हो ।

[४०] सन् २०१७ मा न्यायपरिषद् बुलेटिनमा प्रकाशित जिल्ला न्यायधीशको नामावली सङ्कलन गरी तयार पारिएको तथ्याङ्क ।

नेपालका दलितले खोजेको समृद्धि आत्मसम्मानपूर्वक अन्य नागरिकहरूझैं समान हैसियतका साथ बाँच्न पाउने अवस्था हो। जहाँ जाति वा समुदायका आधारमा कसैमाथि भेदभाव हुँदैन र सबैप्रति समान सम्मान हुन्छ। राज्यको श्रोत, सधानमाथि समान पहुँच र न्यायोचित वितरण प्रणाली हुन्छ, सहभागीतामुलक नीति–निर्माण र निर्णय प्रक्रिया हुन्छ, समान अवसर र उपलब्धीहरूमा समान हिस्सेदारी हुन्छ र सबैले एकअर्काको अस्तित्वमाथि सम्मान गर्ने अवस्था हुन्छ त्यस किसिमको सामाजिक–राजनीतिक वातावरणमा मात्रै दलितले समृद्धिको अनुभूति गर्न सक्नेछन्। दलितले खोजेको समृद्धिको महत्वपूर्ण पक्ष आत्मसम्मानपूर्वक बाँच्न पाउने अवस्था हो।

## ८. निष्कर्ष र सुझाव

समृद्ध जीवन सबै नेपालीको चाहना हो। बिगत करीब ३५ सय वर्षदेखि विभेद र उत्पीडनमा पारिएका दलित समुदाय सबैभन्दा बढी उन्नत र समृद्ध जीवन चाहन्छन्। जातमा आधारित अर्थ–राजनीतिक व्यवस्थाका कारण दलितले भोगिरहेका राजनीतिक बहिस्करण, आर्थिक बञ्चितीकरण, स्रोतसाधानहीनता, जातीय आधारमा हुने छुवाछूत-भेदभावको अन्त्य नगरी नेपालको समृद्धिको यात्रा अगाडि बढ्न सक्दैन। सिङ्गो अर्थ–राजनीतिक व्यवस्था नै जातव्यवस्थाका आधारमा सञ्चालित हुने अवस्थाको अन्त्य नहुँदासम्म दलितले समृद्ध जीवन बाँच्ने अवस्था आउने देखिँदैन। समृद्धि समग्र राजनीतिक, आर्थिक, सांस्कृतिक रूपान्तरणको एजेण्डासँग गाँसिएको हुनाले त्यस दिशातर्फ राज्यको दृष्टिकोण पुग्न सकेको छैन। त्यसैले वर्तमान अर्थ–राजनीतिक व्यवस्थाबाटै दलितले समृद्धि हासिल गर्ने विश्वासिलो आधार बनिसकेको छैन। राज्यको सबैभन्दा प्राथमिक एजेण्डा भएकोले सरकारले प्राप्त गर्न खोजेको समृद्धि कस्तो हो ? समृद्धि प्राप्तिको मार्गचित्र र रणनीति के हुन् ? कुन विधि वा प्रक्रियाबाट विभेद र बहिस्करणको अन्त्य गरी सबैले अनुभूति गर्ने मानवीय विकाससहितको समृद्धि हासिल गर्ने योजना बनाएको छ ? राज्यले समृद्धिको मार्गचित्रसहित कार्ययोजना नबनाउँदासम्म समृद्धि राजनीतिक नारामै सीमित रहनेछ। त्यसैले राज्यले यी प्रश्नहरूको उत्तर दिनुपर्ने हुन्छ।

नेपाल निरङ्कुश र एकात्मक शासन प्रणालीबाट लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरित भयो। यसका साथै समानुपातिक समावेशी सिद्धान्तलाई राजनीतिक र संवैधानिक रूपमै स्वीकार गरेको छ। तर, व्यवहारमा अहिले पनि राज्य निश्चित जाति वा समुदायको एकाधिकारमा सञ्चालित छ। अहिले अभ्यास गरिएको समावेशीकरणले परम्परागत शक्तिसंरचनामा फेरबदल ल्याउन सक्ने अवस्था छैन। यसका लागि मधेसी दलित, दलित महिला र भौगोलिकरूपमा पछाडि पारिएका क्षेत्रका दलितको अर्थपूर्ण सहभागीतालाई प्राथमिकता दिएर परम्परागत विभेदकारी शक्तिसंरचना बदल्नुपर्ने हुन्छ। त्यसैले राज्यमा दलितको अर्थपूर्ण प्रतिनिधित्व र निर्णय प्रक्रियामा प्रभावकारी भूमिका सुनिश्चित नगरी समृद्धि हासिल हुन सक्दैन। त्यसैले राज्य, राजनीतिक दल र सरोकारवालाले वास्तविक समावेशीकरणको अभ्यास गर्नैपर्छ।

समृद्धिको अर्को महत्वपूर्ण पक्ष भनेको आर्थिक उत्पादकत्व वृद्धि र प्रतिव्यक्ति आयमा वृद्धि हो। पुँजीवादको अभ्यास हुँदै गइरहेको नेपालमा उत्पादनका स्रोत–साधनमाथि दलितलगायत बहिस्करणमा पारिएका समुदायको पहुँच नपुग्दासम्म उनीहरू समग्र विकास र समृद्धिको प्रक्रियाबाटै बाहिरिने खतरा छ। तर, राज्यले दलितको उत्पादनका साधानमाथि पहुँच वृद्धि गर्ने, शोषणमुलक श्रम–सम्बन्धको अन्त्य गर्ने र दलितसँग भएको श्रम, सीप, ज्ञान र क्षमतालाई अधिक्तम अवसरसँग जोड्ने र दलितको आर्थिक अवस्थामा रूपान्तरण गर्ने योजना ल्याउन सकेको छैन। आधारभूतरूपमा उत्पादनका साधनस्रोतमाथि दलितको न्यायोचित पहुँच स्थापित गर्ने, रोजगारीलगायतका क्षेत्रमा दलितलाई कम्तीमा समानुपातिक समावेशीकरणको अवसर उपलब्ध गराउने व्यवस्था नहुँदासम्म दलितहरू झनझन गरिबीको चक्रभित्र फस्दै जाने खतरा छ। केबल सामन्त, पुँजीपति र दलालकै बोलवाला हुने पुँजीवादी विकासले दलितको जीवनमा समृद्धि प्राप्त सम्भव छैन। त्यसैले नेपालका राजनीतिक दल र सरकारले दलित समुदायको जीवनस्तरमा प्रत्यक्ष परिवर्तन ल्याउने, सामाजिक न्यायको सुनिश्चिता हुने र आत्मसम्मानपूर्वक बाँच्न पाउने व्यवस्थासहितको समृद्धिको

प्रष्ट मार्गचित्र निर्माण गरेर अगाडि बढ्नुपर्छ। स्पष्ट मार्गचित्र, रणनीति कार्यक्रमबिनाको समृद्धिको नाराले मात्रै दलित समुदायलाई खासै असर गर्न सक्दैन।

नेपालको नयाँ संविधानको प्रस्तावनामै सबै प्रकारको जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाज निर्माण गर्ने कुरालाई आत्मसाथ गरिएको छ। यसैगरी समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने सङ्कल्प गरिएको छ। यस सङ्कल्पलाई पूरा गर्न समानुपातिक समावेशी राज्यप्रणालीको सुनिश्चिता र समाजवादी राजनीतिक प्रणाली निर्माण गर्नुपर्ने हुन्छ। दलित समुदायका आधारभूत समस्यालाई सम्बोधन गर्ने, सामाजिक न्यायको सुनिश्चिता गर्ने राज्यप्रणाली निर्माणमा राजनीतिक दल र सरकार प्रतिबद्ध नहुँदाम्म दलित समुदायले समृद्धिको महसुस गर्न सक्ने अवस्थाको निर्माण हुँदैन। त्यसैले दलितले भोग्दै आइरहेका संरचनागत विभेदको अन्त्य, सामाजिक न्यायको सुनिश्चितता, राज्यका सबै तहमा कम्तीमा समानुपातिक समावेशीकरणको ग्यारेन्टी, उत्पादनका स्रोत–साधनको न्यायोचित वितरण वा दलितको सहज पहुँच, विकासका कार्यक्रममा समान हिस्सेदारी, आर्थिक क्रियाकलापमा अर्थपूर्ण सहभागीता, दण्डहीनताको अन्त्य र आत्मसम्मानपूर्ण जीवनको सुनिश्चित गर्ने कार्ययोजना समृद्धिको मार्गचित्रभित्र मुद्दालाई राज्यले अनिवार्य रूपले समेट्नुपर्छ। मार्गचित्रले निर्दिष्ट गरेका यस्ता कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएको खण्डमा मात्रै दलितले समृद्धि प्राप्तिको अनुभव गर्न सक्छन्। राजनीतिक दलका नेतृत्व, सरकार र नीति निर्माताले समृद्धिबारे रणनीति, योजना र कार्यक्रम निर्माण गर्ने क्रममा समृद्धिबारे दलित दृष्टिकोण बुझ्न र दलितका सरोकारलाई सम्बोधन गर्न यो नीतिपत्र एउटा महत्वपूर्ण सन्दर्भ सामग्री हुनसक्छ।

## डिग्नीटी इनिसियटिभले दलित र समृद्धिबारे विभिन्न स्थानमा गरेको अन्तर्क्रिया कार्यक्रमको विवरण

| प्रदेश | स्थान | कार्यक्रम भएको मिति |
|---|---|---|
| प्रदेश नं. १ | विराटनगर | २०७५ असोज ६ |
| प्रदेश नं. २ | लाहान | २०७५ जेठ ११–१२ |
| प्रदेश नं. ३ | चौतारा | २०७५ कार्तिक १८ |
| प्रदेश नं. ४ | पोखरा | २०७५ असार ११ |
| प्रदेश नं. ५ | बुटवल | २०७५ साउन १२ |
| प्रदेश नं. ६ | सुर्खेत | २०७५ असोज २१ |
| प्रदेश नं. ७ | धनगढी | २०७५ असोज १४ |
| राष्ट्रिय अन्तर्क्रिया | काठमाडौं | २०७५ पुष २ |

**डिग्नीटी इनिसियटिभ** दलित समुदायका अनुसन्धाता र अधिकारकर्मीहरूद्धारा स्थापित सामाजिक संस्था हो। जातमा आधारित अर्थ–राजनीतिक व्यवस्थाका कारण नेपालका दलितमाथि अहिले पनि राजनीतिक बहिस्करण, आर्थिक बञ्चितीकरण र छुवाछूत–भेदभावसहितको सामाजिक–सांस्कृतिक विभेद कायमै छ। यस किसिमको विभेदकारी व्यवस्था अन्त्य गरी सबैले न्याय, समानता, आत्मसम्मानपूर्वक बाँच्न पाउने व्यवस्था निर्माणका लागि नेपालका दलित समुदाय सात दशकभन्दा लामो समयदेखि निरन्तर संघर्ष गरिरहेका छन्। संघर्षकै परिणाम केही संवैधानिक र कानुनी अधिकारको व्यवस्था भएका छन् भने तुलनात्मकरूरुपमा दलितमाथिका विभेदमा केही कमी आएको छ। यद्यपि, ऐतिहासिकरूपमा  विभेद र बहिस्करणमा पारिएका दलित समुदायबारे अध्ययन, अनुसन्धान, आलोचनात्मक सार्वजनिक बहस पर्याप्त मात्रामा हुन सकेका छैनन् अर्थात ज्ञान उत्पादनका क्षेत्रमा अत्यन्तै थोरै मात्रामा काम भएका छन्। अर्कोतिर, नेपालमा ज्ञान उत्पादनका क्षेत्रमा क्रियाशील संघसंस्था, विश्वविद्यालयका साथै बौद्धिक र प्राज्ञिक क्षेत्रले पनि दलित मुद्दामा पर्याप्त मात्रामा काम गरेका छैनन्। त्यसैले दलित समुदायका बहुआयमिक सवालमा अध्ययन–अनुसन्धान तथा ज्ञान उत्पादन गर्ने, आलोचनात्मक सार्वजनिक बहस गर्ने र दलित आन्दोलनलाई सघाउ पुऱ्याउने काममा यो संस्था क्रियाशील छ।

**नेपालमा समृद्धिको बहस र दलित**
**नीति–पत्र १**
**© डिग्नीटी इनिसियटिभ, २०७६**

**लेखकः** जेबी विश्वकर्मा
**समीक्षकः** डा. पूर्ण नेपाली, ख्याम विश्वकर्मा, रूप सुनार, भोला पासवान, रत्न विके, आइत विश्वकर्मा, शुष्मा छिनाल